सिकाई क्षेत्र :
सामाजिक व्यवहार र मूल्यमान्यता

# सामाजिक न्याय प्रवर्द्धन




## तह २

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानवश्रोत विकास केन्द्र

# हाम्रो भनाइ

सिकाइ मानव जीवनको अभिन्न अङ्ग हो । औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर रहेर पनि व्यक्तिले जीवनका लागि आवश्यक ज्ञान र सिप हासिल गरिरहेको हुन्छ । यसरी जीवनपर्यन्त चलिरहने सिकाइलाई अनौपचारिक शिक्षा भनिन्छ । जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ तोकिएको निश्चित ढाँचा वा पद्धतिमा मात्र सीमित हुँदैन । मानव जीवनमा व्यक्तिले औपचारिक, अनौपचारिक तथा आफू संलग्न रहेको पेसा व्यवसाय वा कार्य अनुभवले विभिन्न किसिमका ज्ञान, सिप र क्षमता आर्जन गरिरहेको हुन्छ । अनौपचारिक माध्यमबाट सिकेका ज्ञान, सिप र क्षमतालाई उपयुक्त प्रणालीमार्फत व्यवस्थित गर्दै लैजानु जरुरी छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले गरेको व्यवस्थाबमोजिम अनौपचारिक रूपबाट शिक्षा हासिल गरेका तर प्रमाणीकरण हुन नसकेका वा विभिन्न पेसा व्यवसाय गर्दै स्वअध्ययनको माध्यमबाट सिकाइ प्रमाणीकरण गर्न तथा आफ्नो योग्यता बढाउन चाहने व्यक्तिको आवश्यकतालाई दृष्टिगत गर्दै यो सामग्री तयार गरिएको हो ।

यस सामग्रीले भाषा तथा सञ्चार, व्यवहारिक समस्या समाधान, सामाजिक व्यवहार र मूल्यमान्यता, जीवन जगत र प्रविधि तथा स्वास्थ जीवनशैली र सिर्जनशीलतागरी पाँचओटा विषयक्षेत्र समेटेको छ ।

यो सामग्री १५ वर्षमाथिका औपचारिक शिक्षा प्राप्त गर्न वा पूरा गर्न नसकेका अनुभवी सिकारुलाई दृष्टिगत गरी विकास गरिएको छ । यो सामग्री हाललाई परीक्षणका लागि तयार गरिएको हो । आगामी दिनमा सरोकारवालाबाट प्राप्त सल्लाहसुझाव समावेश गर्दै यसलाई अझ परिष्कृत एवम् अद्यावधिक गरिने छ ।

यो सामग्री तयार गर्ने क्रममा सहयोग पुर्‍याउने साझेदार संस्था युनिसफ तथा विश्व शिक्षा, सामग्री लेखन र भाषा सम्पादनमा सहयोग गर्नुहुने विज्ञहरू, चित्र तथा साजसज्जा कार्यमा संलग्न सबैप्रति यो केन्द्र हार्दिक धन्यवाद प्रकट गर्दछ ।

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

**सानोठिमी, भक्तपुर**

## परिचय

न्यायपूर्ण समाज को स्थापना नै सामाजिक न्याय हो । समाजमा हुने सबै प्रकारका भेदभाव र शोषण अन्त्य गर्दै सबैको पहिचान, सम्मान, मर्यादा कायम गर्न पनि सामाजिक न्याय अन्तर्गत पर्दछ । सामाजिक न्याय लाभ नपाउनेका लागि लाभ, अवसर नपाउनेका लागि अवसर, संरक्षण विहीनहरूका लागि संरक्षण पाउने कुराहरूको अनुभूति हो । सामाजिक न्यायले व्यक्तिले समाज, समुदाय र राज्यप्रति निर्वाह गर्नुपर्ने नागरिक कर्तव्य एवं राज्यले व्याक्तिप्रति गर्ने अविभेदपूर्ण र न्यायोचित व्यवहारलाई समेत बुझाउँछ । यसर्थ यस मोडुलमा तपाईं सामाजिक न्याय भनेको के हो ? सामाजिक न्याय प्रर्वद्धन भनेको के हो ? स्थानीय स्तरमा सामाजिक न्याय प्रवर्द्धनमा संलग्न व्यक्ति तथा संस्थाहरू र उनीहरूले गरेका कार्यहरू बारेमा छलफल गर्ने छौँ ।

## सक्षमता

यस मोडुलको अध्ययनपछि तपाईंले निम्न कुराहरू गर्न सक्नुहुने छ :

- सामाजिक न्याय प्रवर्द्धनमा सक्रिय स्थानीय व्यक्ति वा संस्थाका प्रयासका बारेमा बताउन,
- प्रान्तीय तहका सामाजिक आन्दोलनका अभियन्ता र उनीहरूको सामाजिक न्यायसम्बन्धी कार्यका बारेमा बताउन,

## सिकाइ उपलब्धि

- सामाजिक न्याय प्रवर्द्धनमा विकास गर्न

## पाठहरू

यस मोडुलमा तीन ओटा पाठहरू समावेश छन् :

१. सामाजिक न्याय

२. सामाजिक न्याय प्रवर्द्धन

३. सामाजिक आन्दोलन

## पूर्व सिकाई परिक्षण

ल अब एकफेर हेरौँ है त तपाईंलाई यस मोडुलले समेटेका के के कुराहरू थाहा रहेछ ?

**तलको वाक्य ठिक भए (√) र बेठिक (X) लगाउनुहोस् र पेज नं. ५७ को उत्तरपृष्ठको उत्तरसँग दाँज्नुहोस है त ।**

| | |
|---|---|
| १. सामाजिक न्याय भनेको सबैलाई निष्पक्ष र न्यायपूर्ण व्यवहार गर्नँ हो | |
| २. सामाजिक न्याय भनेको समाजका सबै व्यक्तिका स्वतन्त्रता, अधिकारर अवसरहरूमा समान पहुँचको संरक्षणको सुनिश्चितता हुनु हो । | |
| ३. नेपालको संविधानको धारा ३२ मा सामाजिक न्यायलाई मौलिक हकका रूपमा स्थापित गरिएको छ । | |
| ४. न्याय भनेको सजाय दिनु मात्र हो र पीडितहरूलाई क्षतिपूर्ति दिने होइन । | |
| ५. न्याय एक स्थिर र अपरिवर्तित अवधारणा हो । | |
| ६. सामाजिक न्यायको मुख्य उद्देश्य भेदभाव अन्त्य गरी सबैका लागि समान अवसर सिर्जना गर्नु हो । | |
| ७. सामाजिक न्यायको प्रवर्द्धनले सीमान्तकृत वर्गलाई मात्र फाइदा पुऱ्याउँछ । | |
| ८. सामाजिक न्यायले नागरिकको सम्मानपूर्ण जीवनयापनलाई बढावा दिन्छ । | |
| ९. सामाजिक आन्दोलनहरू समाजमा परिवर्तन ल्याउन सङ्गठित प्रयासहरू हुन् । | |
| १०. सामाजिक आन्दोलनको नेतृत्व व्यावसायिक कार्यकर्ता र सङ्गठनले मात्र गर्न सक्छ । | |

आशा छ, तपाईंको उत्तर धेरै मिल्यो होला । मिलेको छैन भने पनि चिन्ता नगर्नुहोस् । यो मोडुल अध्ययन गरे पछि तपाईंले धेरै कुरा सिक्न पाउनुहुने छ । अब पाठ सुरु गरौँ है त ।

पाठ १

# सामाजिक न्याय

समाजमा विद्यमान् असमानता हटाइ समानता, स्वतन्त्रता, अर्थपूर्ण सहभागिता, अधिकारको प्राप्ति, सामाजिक-सांस्कृतिक न्याय, सम्पत्ति, स्रोतसाधन, सुविधा, अवसर र लाभको न्यायोचित वितरणमा समान हिस्सेदारी, अंसियारी एवं साझेदारी प्राप्त गर्ने अवधारणा सामाजिक न्याय हो । यस पाठमा सामाजिक न्यायका बारेमा चर्चा गरिएको छ । यस पाठमा निम्न विषयवस्तु समावेश गरिएका छन् ।

- सामाजिक न्याय भनेको के हो ?
- सामाजिक न्यायका उद्देश्यहरू
- सामाजिक न्यायका फाइदाहरू

यस पाठको अध्ययन गरेपछि तपाईं निम्न कुरामा सक्षम हुनुहुने छ : -

- सामाजिक न्यायको अर्थ बताउन,
- सामाजिक न्यायका उद्देश्यहरू बताउन,
- सामाजिक न्यायका फाइदाहरू बताउन,

## सिकाइ क्रियाकलाप

**तल दिइएका चित्रहरू अवलोकन गर्नुहोस् :**









**माथिका चित्रहरूमा के के देख्नुहुन्छ लेख्नुहोस् ?**

चित्र १ :


चित्र २ :

चित्र ३ :

चित्र ४ :

## पढौँ र बुझौँ :

मेरो नाम कुशल हो र मेरो उमेर १८ वर्ष पूरा भएको छ । घटना वि.स. २०७८ सालकै हो । नागरिता बनाउने उमेर भइसकेकाले मलाई पनि नागरिता बनाउन मन लग्यो । नागरिता बनाउने सिफारिस लिनका लागि म वडा कार्यालय गएँ । मेरो बुबाको जन्मसिद्ध नागरिता रहेछ । बुबाको जन्मसिद्ध नागरिता भएकाहरूको सन्तानको नागरिताको सिफारिस दिनका लागि माथिबाट नै अनुमति आएको छैन भनेर वडा कार्यालयले सिफारिस दिन मानेन । वडा कार्यलयको जबाफले मेरो चित्त बुझेन । म धनुषा जिल्ला प्रशासन कार्यलय जनकपुरमा पुगेँ । मैले प्रमुख जिल्ला अधिकारीलाई भेटेर कुरा गर्न खोजिरहेको थिएँ । उहाँको चेम्बरमा एकदमै भिडभाड भएकोले मेरो कुरा खासै सुन्नुभएन । उहाले जन्मसिद्धको नागरिता हुँदैन भन्नुभयो । म त्यहाँबाट दुःखी हुँदै फर्किंदै थिएँ । जिल्ला प्रशासन कार्यलयको छेउमा एक जना महिलासँग मेरो भेट भयो । म एकदमै उदास मुद्रामा थिएँ ।



उनले मेरो समस्या बारे ख्याल गरेकी रहेछिन् कि क्या हो ? त्यो थाहा भएन । मैले मेरो नागरिता बनाउन समस्या भएको भनेपछि उनले मलाई मेरो कोठामा जाऊँ र थप कुरा गरौँला भनिन् । ती महिलाको हातमा डायरी र हाते झोला भएकाले उनी कर्मचारी भए जस्तो लाग्यो । मसँग मेरा भान्जा पनि थिए । हामी तीन जना उनको कोठामा गयौँ । मिल्स एरियामा उनको कोठा रहेछ । उनले कोठामा लगेर हामीलाई चिसो र रेड्बुल मगाएर खुवाइन् । पछि हामीलाई खाना खुवाइन् । दिउसको २-३ बजिसकेको थियो । हामी पनि बिहानदेखि भोकै भएकाले मजाले खाना खायौँ । खाना खाएपछि मेरो समस्याबारे उनले बिस्तारमा सोधिन् । मैले मेरो सबै कुरा बिस्तारमा बताएँ । कुरा सुनेपछि मेरा सबै कागजपत्र मागिन् । कुरा सुनेर कागजपत्र हेरेपछि नागरिता बनाउनका लागि पैसा लाग्छ भनिन् । एउटा नागरिताका लागि १ लाख रुपियाँ चाहिने कुरा गरिन् । मलाई उनले कागजपत्र देऊ ,अहिले २० हजार मात्र दिए हुन्छ, बाँकी पैसा नागरिता बनेपछि मात्र दिए पनि हुने प्रस्ताव गरिन् । मैले उनलाई मसँग त्यति धेरै पैसा छैन भनेर म घर फर्किएँ ।

उनले मेरो मोबाइल नम्बर राखेकी थिइन्  मलाई तीन दिनसम्म लगातार फोन गरेर फकाइराखिन् । मेरो घरका पाँच जनाको नागरिता बनाउनुपर्ने थियो । चार जना दिदी र म गरी जम्मा पाँच जनाको । पाँच जनाका लागि कुल ५ लाख रुपियाँ लाग्थ्यो । त्यति धेरै रकम मैले कहाँबाट ल्याउने ? मेरी दिदीको पनि नागरिता नहुँदा जागिर खान पाउनुभएन । पछि एउटा डाइरेक्ट सेल्सको मार्केटिङको कम्पनीमा काम गर्न लाग्नुभयो । एक जना दिदीले किराना पसल खोल्नुभएको छ । अर्की दिदीले गाईभैँसीको फर्म चलाउनुभएको छ । एक जना दिदीले नागरिता नभएकाले जागिर खान नपाएर ब्युटीपार्लर र सिलाइ कटाइको काम गर्नँ भएको छ । नागरिकता नभएमा जागिर खान पाइँदैन भनेर पढ्नु पनि भएन । अहिले सबै दिदीहरूको बिहे भइसकेको छ ।

यो सबै कुरा मैले बुवा र भिनाजुलाई विस्तृतमा बताएँ । उहाँहरूले त्यो मान्छे ठग हो र यस्तो नागरिकता बनाउँदा जागिर त होला तर नक्कली साबित भएमा उल्टो जेल जानुपर्छ भन्नुभयो । भिनाजुले अधिकारको क्षेत्रमा काम गरीरहनु भएको उमाकान्त सरले यसबारे सहयोग गर्नुहुन्छ भन्ने बताउनुभयो । उमाकान्त सरले धेरै जनालाई नागरिकता दिलाउन पहल गरिदिनुभएको रहेछ । उमाकान्त सरले अधिकारका क्षेत्रमा कार्य गर्दै आएको महिला, कानुन र विकास मञ्च संस्थामा कुरा राखिदिनुभयो । हाम्रो जन्मदर्ता हुन्छ, हामीले नागरिता किन पाउँदैनौँ ? मेरो हजुरबुबा र बुबा सबै नेपालमै बस्नुभएको हो । नागरिता नपाउँदा हामीले आफ्नो कुनै हक र अधिकार पाउन सकेका छैनौँ भन्ने कुराको आबज उठाउनुपर्छ भन्ने जानकारी पाएँ । त्यस संस्थाको सहयोगमा म न्याय पाउन सफल भएँ ।



## अभ्यास क्रियाकलाप

**तलका प्रश्नको उत्तर दिनुहोस् :**

**तपाईंको विचारमा के कुशलमाथि अन्याय भएको छ ? छ भने के कस्तो अन्याय भएको छ समूहमा छलफल गरी प्रस्तुत गर्नुहोस् ।**


## तलको कथा पढौँ र बुझौँ ।

छोरो दगुर्दै आयो । आमाले पुलुक्क हेरी । उसले सुनायो “आमा ! त्यो पल्लो घरको बिर्खेले तपाईंलाई बोक्सी भन्छ ।” आमा भान्सामा व्यस्त थिइन् । छोराका शब्दलाई गम्भीरतापूर्वक लिइन । बरु सहजै जबाफ दिई “भन्न देन त । त्यो आफ्नो नाकको सिँगान पुछ्न नसक्ने फुच्चेले बोक्सी भन्दैमा म बोक्सी हुने होइन क्यारे । भोलि देखि तँ त्यो बिर्खेसँग खेल्न नजानू बरु ।” “हुन्छ जान्नँ ।” बुकुनेले पनि सहजै आफ्नी आमाका शब्दमा सहमति जनायो । सही र गलत फरक छुट्याउन सक्ने परिपक्क सक्षम मन त बुझेपछि अबोध त्यो बालक बुकुनेको तरल मन नबुझ्ने कुरै आएन ।

“जा बाहिर बाल्टिनको पानीले हातखुट्टा राम्ररी धोएर आइज” ऊ गयो लुरुलुरु । आँगनामा बाल्टिनभरि पानी राखिएको थियो । आमाले भने जसरी मुख हातखुट्टा पखालेर आयो  र आमाको अगाडि सतर्क मुद्रामा उभियो । आमाले नजर उठाएर छोरालाई हेरी । दुबै नाकको प्वालमा सिँगानका प्राप्रा जताजतै कट्कटिएकै अवस्थामा थिए । आमाले बुकुनेको सातो खाइ “तँ मोरोले त्यो नाकको सिँगान भातसँग मुछेर खान साँचेको ? जा सीँ सीँ गरेर मिल्का । नाक सिनित्त पारेर आइज ।”

‘ल ! ऊ नाइनाँस्ती नगरी पुन बाल्टिन भएकै ठाउँमा पुग्यो । अञ्जुलीमा पानी उठाएर नाक बेस्सरी धोयो । फेरि आमातिर आयो । आमाले तात्तातो दुधसँग भात दिई । मुछेर ठुलठुला गाँस हाल्दै सपासप खायो । थालमै हात चुठेर चोटामा उक्लियो ।“आमाले थालैमा पो चुठेर गएछ” भनेर चिच्याई । बुकुने भने त्यो सुनेर थाङ्नाको सिरकमा गुटुमुटु परेर गुन्द्रीमा लम्पसार भइसकेको थियो ।

भोलिपल्ट बिहान ओछ्यानबाट उठ्ने बित्तिकै बुकुने बिर्खेको आँगनमा पुग्यो । बिर्खे पनि गोजीका गुच्चा हातमा झिकेर ‘खेल्छस् बुकुने ? भन्दै बुकुनेको नजिक आयो । आँगनको बिच भागमा खोपी खेल्ने एउटा प्वाल बनाएका थिए । बिर्खे र बुकुने मिलेर । ती दुईले त्यहीँ गएर खोपी खेल्न सुरु गरे । बिर्खेको भएजति सबै गुच्चा बुकुनेले जित्यो । हारेको रिसमा बिर्खेले फेरि बुकुनेलाई ‘बोक्सीको छोरा’ भन्दै गाली गर्‍यो ।



बगलीका गुच्चा छिन्द्रिङ छिन्द्रिङ बजाउँदै घर पुग्यो बुकुने । आमालाई बिर्खेले भनेका कुरा सुनायो "आमा, आज पनि तपाईंलाई बिर्खेले बोक्सी भन्यो ।" आमा गोठमा भैँसी दुहुँदै थिइन् । भिँगाले टोकेर भैँसी आफ्नो पुच्छर हल्लाउँथ्यो । घरि घरि पुच्छर बुकुनेकी आमाको मुखसम्म ल्याइपुऱ्याउँथ्यो । भैँसीको फाँचोको दुध निखार्न मुस्किल परेको थियो बुकुनेकी आमालाई पनि । रिसको पारो तताउँदै पहिला आफ्नै छोरालाई बेस्कन हपारिन् "तँलाई हिजो मैले त्योसँग खेल्न नजानरू भनेको होइन ? मुखै नधोइ एकाबिहानै उसैसँग खेल्न पुगेपछि भन्दैन त ? जसलाई जे जे भन्न मनलाग्छ भनुन् । तँ पल्टिएर मलाई नसुना । भनेर मान्छे मर्दैन । तातो पानीले घर जल्दैन । बरु त्यो भैँसीको पुच्छर समात ! हल्लाएको हल्लाई गरेर यहाँ राम्रोसँग दुधै निखार्न दिएन ।"

"हुन्छ" आज्ञाकारी टाउको हल्लाउँदै भैँसीको पुच्छर समात्यो बुकुनेले । केटाकेटी मोरो नजा भनेर के अडिन्थ्यो ? आमाले भनुन्जेल "हुन्छ, जान्नँ" भन्थ्यो । एकैछिन पछाडि त त्यहीँ पुग्थ्यो । दैनिक खेल्दा केही न केही कुरामा भगडा परिरहन्थ्यो बिर्खे र बुकुनेका बिचमा । बातै पिच्छे बोक्सीको छोरा भनेर गाली गर्थ्यो बिर्खे बुकुनेलाई । बुकुने दिनहुँ आमालाई लगेर बिर्खेले भनेका कुरा सुनाउँथ्यो । आमाले वास्तै नगरी नगरी जीवनको बुढ्यौलीमा प्रवेश गरी । बुकुनेको विवाह भयो । बुहारी आई । बिर्खेकी आमाले एकदिन कोदो रोप्दै गरेको बेला बुकुनेकी स्वास्नीको कानमा फुस्फुसाई "कत्तिको माया गर्छिन् दुलही, सासूले ?"

बुहारीले सत्य जवाफ दिई "आफ्नी आमाले जत्तिकै माया गर्नहुन्छ । चुलामा पाकेको खानेकुरा छुट्याउनुहुन्न ।" "तर अलि सतर्क हुनु नि सासूदेखि । तिम्री सासूको ब्योहोरा प्रशंसा गर्न लायकको छैन ।" "खै मलाई त त्यस्तो लाग्दैन ।" नयाँ हुञ्जेल सासूले थोरै माया गर्दा पनि अमृत लाग्छ । त्यो तिमीलाई मात्र होइन, सबै महिला जातिलाई हुने महसुस हो । ठुलाबडाले भन्छन् 'कि अरूले भनेको मान्नू, कि आफैँ जान्नू । तिमी नयाँनौली छ्यौ अहिले । सत्यतथ्य जान्ने कुरै भएन । तिम्री सासू बोक्सी छन् नि ! होस गर ।"

बुकुनेकी स्वास्नी बिर्खेकी आमाको मुखमा हेरेर एकछिन जिल्ल परी । के भन्नू के नभन्नू । जबाफै आएन उसलाई । नमज्जा लाग्यो । केही नबोली कोदो रोपिरही । साँझ मेलाबाट छुटेर घर पुगी ऊ । सासू भान्सामा थिई । बुहारीलाई देखेर भनी "थाकेर हत्तुहैरान परि होला । आइज यतै चुलोमा बस । म नुन पानी तताइदिन्छु गोडा धुनू । सञ्चो हुन्छ ।"

बुहारीलाई भित्रभित्रै खट्पटी चलेको थियो । उसको अनुहार पनि निन्याउँरो थियो । सासूले बत्तीको प्रकाश बुहारीको अनुहारमा पार्दै फेरि सोधी "तँलाई सन्चो भएन कि क्या हो ? खाजा राम्रो दिएनन् मेलामा ? अनुहार मलिनो देख्छु ।" "आमा, तपाईंलाई एउटा कुरा सोधूँ ?" "सोध्न के कुरा ?" "मलाई त्यो बिर्खेकी आमाले तेरी सासू बोक्सी छन् होसियार हुनु भनिन् । मलाई उनीहरूको हेपाहा प्रवृत्ति मन परेन ।"

सासूले भनी "आ ! छोड्दे ती बिर्खेका सन्तानका कुरा । तिनीहरूको स्वभावै अर्कालाई नानाभाँती आरोप लगाउने हो । तिनीहरूले बोक्सी भन्ने बित्तिकै म बोक्सी हुन्छु र थोडै ? मलाई त केही जस्तो लाग्दैन । तिनीहरूका पानीमा फूल पारे जस्ता उडन्ते कुरा । बुकुने सानो छँदा पनि बिर्खेले 'तेरि आमा बोक्सी हो भन्थ्यो रे । मलाई त वास्तै लागेन । आफू बोक्सी भए पो रिस उठ्नू । भन्नेको मुख गल्दैन भने मलाई पो केको पीर चिन्ता बिथ्थैमा ?"



बुहारीलाई चित्त बुझेन सासूको जवाफ । भनी "त्यसो भनेर अर्कालाई जथाभाबी भनेर हेपेको र अन्याय गरेको सहनुहुन्न । आफूले पनि अरूलाई सम्मानजनक व्यवहार गर्नपर्छ । आफूले सम्मान गर्दागर्दै अरूले आफूलाई अपमानजनक व्यवहार गर्छन् भने चुप लागेर बस्नुहुन्न । सही सत्य बुझ्नुपर्छ ।""आ ! कुकुरले खुट्टा टोक्यो भनेर आफू पनि त्यो सँगसँगै खुट्टा टोक्न गयो भने मान्छेले के भन्छन् ?" त' हो, तपाईंहरूको यही सोचाइकै कारण त आज फटाहाको मनोबल बढेर जसलाई जे भन्दा पनि हुन्छ भनेर मनपरी बोल्छन् । उस्तै परे कपाल खौरिदिएर मलमुत्र खुवाउँछन् । सहँदै जानुभयो भने । तपाईंहरूले बेलैमा सचेत बनाउन अल्छी मानेर आ ! भनेरै हो । आज हाम्रो समाजमा एउटालाई दुख्ख दिएर रमाउने संस्कार मौलाएको । पाखुरा सुर्किएर मार्न र मर्न तयार हुनुपर्ने त होइन नी ।समझदारीपूर्वक सोधेर सत्यतथ्य बुझ्दा के बिग्रिन्छ ?"

"हन, तँ त शिक्षिका जस्तै पो ठुल्ठुला ज्ञानका कुरा गर्छेस् । कसले सिकाएका तँलाई यत्तिका कुरा ? मान्छे हेर्दा सानी । कुरा सुन्दा हजुरआमाका जस्ता ।"तपाईं सोच्नुस् त, तपाईंको छोराले उबेला भनेको कुरालाई गम्भीर भएर सोचेर एकपटक कुरा के रछ भनेर यथार्थ बुझेको भए ? आज यो कुरा मेरो कानसम्म आइपुग्न पाउने थिएन । आज मपनि तपाईं जस्तै चुप लागेँ भने भोलि यिनै कुरा मेरा छोराछोरीहरूका कानमा पुग्छन् ।"

बुकुने आइपुग्यो । भन्नथाल्यो "म त यिनै कुरा आमालाई भन्दा भन्दै थाकेको । अब तिमी आयौ आमालाई तह लगाउने । तिम्रा कुराले म गदगद भएँ । त्यो बिर्खेकि स्वास्नी पनि तिमी जस्तै असल परोस् । आफ्ना छरछिमेकसँग राम्रो व्यवहार गर्नपर्छ । कसैलाई पनि कसैले तथानाम गालीगलौज गर्नँहुन्न भनेर सिकाउने ।"

बुकुनेकी स्वास्नीले भनी "म भोलि बिर्खेकी आमा काकीलाई राम्रो वचनले सम्झाउँछु । आइन्दा मेरी सासूका बारेमा यस्ता नचाहिँदा कुरा नगर्नँहोला काकी भनेर भन्छु । एक पटकलाई बुढाबुढी मान्छे, छिमेकी भनेर माफ गरिदिएँ । फेरि फेरि सुनेँ भने राम्रो मान्दिनँ भनेर सम्झाउँछु । तपाईंले पनि एउटी महिला भएर अर्की महिला माथि बोक्सीको आरोप लगाउन लाज मान्नुपर्छ । यो अन्याय हो ।"

**अब सोचेर तलको प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

१. बिर्खेले बुकुनेकी आमालाई के भनेर आरोप लगाएको छ ?

२. तपाईंको विचारमा के बोक्सीको आरोप लगाउनु अन्याय हो ? हो भने किन ?

## यो पनि थाहा पाइराखौं

समानता, एकरूपता र समन्वय नै न्याय हो । न्याय समाजको सदस्यका रूपमा सबै जनताको अधिकार एवं कानुनको शासनको आधारशीला हो ।

सामाजिक न्याय दुई ओटा शब्दहरूको सम्मिश्रणबाट बनेको शब्द हो । जसले समाजका सबै पक्षमा समान न्यायको वकालत गर्दछ एवं समाजका प्रत्येक सदस्यहरू प्रति सम्मान र मर्यादापूर्वक तथा विभेदपूर्ण समान व्यवहार, सद्भाव एवं सहिष्णुता कायम गरी न्याय र नैतिकतामा आधारित पहुँचयोग्य समानताको प्रवर्द्धन गर्ने एवं विना भेदभाव स्रोतसाधन, लाभ र अवसरहरूको समान वितरण गर्ने तथा न्यायपूर्ण समाजको निर्माण गर्ने कुरामा जोड दिन्छ । समाजका सबै क्षेत्र, वर्ग, समुदाय बिच समानतामा आधारित सम्बन्ध स्थापित गर्नँ नै सामाजिक न्याय हो । नेपालको संविधानको धारा ४२ मा सामाजिक न्याय मौलिक हकका रूपमा स्थापित गरिएको छ ।

### सामाजिक न्यायका फाइदाहरू र महत्व

- राज्य र समाजको सम्बन्धलाई बलियो बनाउँदछ ।
- राज्यको भावनात्मक एकीकरणमा सहयोग गर्दछ ।
- कमजोर वर्गको सशक्तीकरण, विकास, समान हैसियत तथा पहुँच कायम हुन्छ । धनी-गरिब बिचको खाडल कम हुन गई समतामूलक समाजको स्थापना हुन्छ ।
- राज्यप्रणाली तथा समाज रूपान्तरणमा सबैको सहभागिता सुनिश्चित गर्दछ ।
- साम्प्रदायिक सद्भाव, शान्ति र सन्तुलित विकासका लागि सहयोग ।
- नागरिकको सम्मानपूर्ण जीवनयापनलाई बढावा दिन्छ ।
- विभेद तथा शोषणको अन्त्यमा सहयोगी भूमिका खेल्दछ ।

### अभ्यास

१. न्याय भनेको के हो ? चर्चा गर्नुहोस् ।

२.सामाजिक न्याय भनेको के रहेछ ?

३. सामाजिक न्यायका कुनै चार ओटा फाइदाहरू लेख्नुहोस् ।

## परियोजना कार्य

**तपाईंको समुदाय वा आसपासमा पनि अन्यायपूर्ण घटना घटेका हुन सक्छन् । ती मध्ये कुनै एक घटनाको खोजी गरी निम्नलिखित बुँदाका आधारमा विश्लेषण गर्नुहोस् ।**

**(क) घटनाको प्रकृति :**

**(ख) घटनाको कारण :**

**(ग) यसले पारेको प्रभाव :**

**(घ) समाज र राज्य पक्षबाट घटनाप्रति देखाइएको वा देखाउनुपर्ने तदारुकता र व्यवहार :**

**(ङ) समाधानका उपाय :**

**हामीलाई थाहा भयो उत्पीडित, पछाडि परेका वा पारिएका व्यक्ति वा समूहहरूलाई सबै प्रकारका सामाजिक लाभ वा अवसर समान रूपमा प्रदान गर्ने तथा सामाजिक, राजनीतिक, आर्थिक विभेदहरूको अन्त्य गर्ने विषय नै सामाजिक न्याय हो । आउनुहोस् तलको बाकसमा दिइएका सामाजिक न्यायका उद्देश्यहरू पनि अध्ययन गरौँ :**

### यो पनि जानिराखौँ :
### सामाजिक न्यायका उद्देश्यहरू

समाजमा विद्यमान् विभिन्न किसिमका असमानता र अन्यायहरूको अन्त्य गर्ने प्रमुख उद्देश्य सामाजिक न्यायको रहेको छ । सबै वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई राज्यको मूलप्रवाहीकरणमा समाहित गर्नुका साथसाथै लाभको न्यायोचित वितरण गरिनु पनि यसको प्रमुख उद्देश्य हो । सामाजिक न्यायका उद्देश्यहरूलाई निम्नानुसार पनि उल्लेख गर्न सकिन्छ :

- समानताको सिद्धान्तलाई मूर्तरूप दिने,
- न्यायपूर्ण समाजको स्थापना गर्ने,
- स्रोत, साधन र अधिकारको न्यायपूर्ण र समानुपातिक वितरण गर्ने,
- मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने,
- विकास गतिविधिमा जनसहभागिता अभिवृद्धि गर्ने
- सामाजिक सद्भाव कायम राख्ने,
- जनताको जीवनस्तर उकास्ने,
- समाजमा पछि परेका वा पारिएका वर्गलाई मूलधारमा ल्याउन सहयोग पुऱ्याउने,
- सामाजिक सुरक्षाको सुनिश्चितता गर्ने,
- सबै प्रकारका विभेदपूर्ण व्यवहारको अन्त्य गर्ने
- आधारभूत आवश्यकता (गाँस, वास, कपास, शिक्षा, स्वास्थ्य, रोजगार) पूरा गर्ने
- सम्मानपूर्वक बाँच्न पाउने अवस्था सुनिश्चित गर्ने
- राष्ट्र निर्माणको अभियानमा सबै क्षेत्र, वर्ग, समुदायका नागरिकलाई मूलप्रवाहीकरण गर्ने,

**अभ्यास**

१. सामाजिक न्यायका पाँच ओटा उद्देश्यहरू उल्लेख गर्नुहोस् ।

**क्रियाकलाप**

आफ्नो समुदायमा सामाजिक न्यायको फाइदा र महत्व झल्कने चित्रसहितको पोस्टर तयार पार्नुहोस् ।

**पाठको सारांश**

- आफ्नो श्रम राम्रोसँग गर्नु र अर्काको श्रममा हस्तक्षेप नगर्नु न्याय हो ।
- मानिसलाई अहिंसा, शोषण, भोकमरीबाट स्वतन्त्र बनाउनु, मानव कल्याण र सुरक्षा दिनु नै न्याय हो ।
- सामाजिक न्यायले समाजका पछाडि परेका वा पारिएका व्यक्तिहरूको समान पहुँच र सहभागिताका लागि विशेष ध्यान दिनुपर्ने कुरालाई समेत महत्त्व दिएको छ ।
- सामाजिक न्याय भनेको समाजमा सम्पत्ति, अवसर र सुविधाका लागि समान पहुँच हो ।
- सामाजिक न्यायको प्रमुख उद्देश्य समुदायमा रहेको विभिन्न किसिमको विभेद हटाई न्याय र समानताको अनुभूति गराउनु हो ।

## आफूलाई आफैँ जाचौँ ।

ठिक भए (√) बेठिक भए (**X**) चिह्न लगाउनुहोस् ।

१. न्याय कानुनी शासनको आधारशिला हो । ☐

२. सामाजिक न्याय भनेको विकासोन्मुख देशहरूमा मात्र लागु हुने अवधारणा हो, विकसित राष्ट्रहरूमा होइन । ☐

३. सामाजिक न्यायले मानव अधिकारको संरक्षण र संवर्द्धन गर्दैन । ☐

४. सामाजिक न्याय भनेको स्रोत र अवसरको निष्पक्ष र समान वितरण हो । ☐

५. सामाजिक न्यायले समाजका पछाडि परेका व्यक्तिहरूको समान पहुँचका लागि मात्र विशेष ध्यान दिनुपने कुरालाई महत्त्व दिएको छ । ☐

६. सामाजिक न्यायको प्रमुख उद्देश्य समुदायमा रहेका विभिन्न किसिमका विभेद हटाई न्याय र समानताको अनुभूति गराउनु हो । ☐

## शब्दार्थ

| | |
|---|---|
| न्यायोचित | : न्यायअनुसारको न्यायबमोजिम ठीक भएको |
| जन्मसिद्ध | : जन्मका साथै पाएको, जन्म पाउँदा नै प्राप्त हुने |
| परिपक्व | : व्यवहारमा खारिएको वा प्रौढ, अनुभवी |
| अबोध | : केही पनि नबुझ्ने, केही नजान्ने |
| चोटा | : भुइँतलादेखि माथिल्लो तलाको भुइँ |
| मेला | : खेतीको काम, मेलो |
| आधारशीला | : कुनै पनि कार्यको मुख्य आधार |
| वकालत | : कुनै कुरामा प्रमाण वा तथ्यसहित गरिने काम |
| सद्भाव | : असल भाव वा विचार, स्नेह र हितपूर्ण स्वच्छ विचार, मैत्री भावना |
| सहिष्णुता | : सहनशीलता |
| धारा | : ऐन-कानुन, नियम, विधान आदिको दफा, खण्ड |
| मौलिक | : मूलभूत, मुख्य |

## उत्तर कुञ्जिका

पेज नम्बर ६, १०, ११, १२, १४ र १५ का उत्तरहरू

### अभ्यास गरौँ

**१.** तपाईंको विचारमा के कुसलमाथि अन्याय भएको छ ? छ भने के कस्तो अन्याय भएको छ समुहमा छलफल गरी प्रस्तुत गर्नुहोस् ।

कुसलमाथि अन्याय भएको छ । कुसलमाथि निम्नलिखित अन्याय भएको छ :

• बुबाको जन्मसिद्ध नागरिता भएकाहरूको सन्तानको नागरिताको सिफारिस दिनका लागि माथिबाट नै अनुमति आएको छैन भनेर वडा कार्यालयले सिफारिस दिन नमानेको,

• प्रमुख जिल्ला अधिकारीले कुसलको कुरा खासै नसुनेको र उहाँले जन्मसिद्धको नागरिता हुँदैन भन्नु भएको ।

### अब सोचेर तलको प्रश्नहरूको उत्तर लेख्नुहोस् :

**१.** बिर्खेले बुकुनेकी आमालाई के भनेर आरोप लगाएको छ ?

बिर्खेले बुकुनेकी आमालाई बोक्सी भनेर आरोप लगाएको छ ।

**२.** तपाईंको विचारमा के बोक्सीको आरोप लगाउनु अन्याय हो ? हो भने किन ?

बोक्सीको आरोप लगाउनु अन्याय हो किन भने अर्कालाई जथाभावी भनी बोक्सी भन्नु र हेप्नु अपमानजनक व्यवहार हो साथै कसैलाई पनि कसैले तथानाम गालीगलौज गर्न हुँदैन ।

### अभ्यास

**१.** न्याय भनेको के हो ? चर्चा गर्नुहोस् ।

समानता, एकरूपता र समन्वय नै न्याय हो । न्याय समाजको सदस्यको रूपमा सबै जनताको अधिकार एवं कानुनी शासनको आधारशिला हो ।

**२.** सामाजिक न्याय भनेको के रहेछ ?

सामाजिक न्याय दुई ओटा शब्दहरूको सम्मिश्रणबाट बनेको शब्द हो । सामाजिक न्यायले समाजका सबै पक्षमा समान न्यायको वकालत गर्दछ एवं समाजका प्रत्येक सदस्यहरू प्रति सम्मान र मर्यादापूर्वक तथा विभेदपूर्ण समान व्यवहार, सद्भाव एवं सहिष्णुता कायम गरी न्याय र नैतिकतामा आधारित पहुँचयोग्य समानताको प्रवर्द्धन गर्ने एवं विना भेदभाव स्रोतसाधन, लाभ र अवसरहरूको समान वितरण गर्ने तथा न्यायपूर्ण समाजको निर्माण गर्ने कुरामा जोड दिन्छ । समाजका सबै क्षेत्र, वर्ग, समुदाय बिच समानतामा आधारित सम्बन्ध स्थापित गर्नु नै सामाजिक न्याय हो ।

**३. सामाजिक न्यायका कुनै चार ओटा फाइदाहरू लेख्नुहोस् ।**

- राज्य र समाजको सम्बन्धलाई बलियो बनाउँदछ ।
- राज्यको भावनात्मक एकीकरणमा सहयोग गर्दछ ।
- नागरिकको सम्मानपूर्ण जीवनयापनलाई बढावा दिन्छ ।
- विभेद तथा शोषणको अन्त्यमा सहयोगी भूमिका खेल्दछ ।

## अभ्यास

**१.** सामाजिक न्यायका पाँच ओटा उद्देश्यहरू उल्लेख गर्नुहोस् ।

- न्यायपूर्ण समाजको स्थापना गर्ने,
- स्रोत, साधन र अधिकारको न्यायपूर्ण र समानुपातिक वितरण गर्ने,
- मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने,
- सामाजिक सद्भाव कायम राख्ने,
- जनताको जीवनस्तर उकास्ने,

## आफूलाई आफैँ जाचौँ ।

ठिक बेठिक छुट्याउनुहोस्

१ ठिक

२ बेठिक

३ बेठिक

४ ठिक

५ बेठिक

६ ठिक

# पाठ २ सामाजिक न्याय प्रवर्द्धन

सामाजिक न्याय भनेको मानिसलाई कुनै किसिमको भेदभाव नगरी इज्जत गर्नु हो भन्ने थाहा पायौँ । सामाजिक न्यायले जात-पात, उच-निच, धनि-गरिब, यो धर्म त्यो धर्म, पुरुष–महिला भनी विभेदपूर्ण व्यवहार एवं शोषण गर्दैन । सामाजिक न्यायका माध्यमबाट राज्यको हरेक तहमा सबैको समान र अर्थपूर्ण सहभागिता गराई समावेशी समाज र राज्य निर्माण गर्न सकिन्छ । समाजमा रहेको जातीय, लैङ्गिक, वर्गीय आदि शोषणको अन्त्य गरी मानव अधिकारको जगेर्ना गर्न सकिएमा सामाजिक न्याय प्रवर्द्धन हुनसक्छ । यस पाठमा हामी सामाजिक न्याय प्रवर्द्धन भनेको के हो ? स्थानीय स्तरमा सामाजिक न्याय प्रवर्द्धनमा संलग्न व्यक्ति तथा संस्था र उनीहरूले गरेको कामका बारेमा बुझ्ने प्रयास गर्नेछौँ ।

यो पाठ अध्ययन गरेपछि तपाईंहरू निम्न कुरामा सक्षम हुनुहुने छ : -

- सामाजिक न्याय प्रवर्द्धन भनेको के हो बताउन,
- स्थानीय स्तरमा सामाजिक न्याय प्रवर्द्धनमा संलग्न व्यक्ति तथा संस्थाहरूको सूची निर्माण गर्न,
- स्थानीय स्तरमा सामाजिक न्याय प्रवर्द्धनमा संलग्न व्यक्ति तथा संस्थाले गरेका कार्यको सूची निर्माण गर्न,
- स्थानीय स्तरमा सामाजिक न्याय प्रवर्द्धनमा संलग्न व्यक्ति तथा संस्थाले गरेका कार्यको समीक्षात्मक प्रस्तुति गर्न,

## आउनुहोस् अब एउटा कथा पढौँ

### अपाङ्गताकै कारण अनुज अवसरबाट वञ्चित

मस्तिष्क पक्षघातका कारण मेरो हिँडाइ, बोली र हाउभाउ आफूसँगै हुर्किरहेका अन्य बालबालिकाको जस्तो थिएन । उनीहरू जस्तै नहुनुले मैले केही गर्न नसकेको हुँ भन्ने ठान्थेँ । तर बाबामम्मीले ममा त्यस्तो विचारलाई हुर्कन दिनु भएन । उत्कृष्ट अङ्कसहित व्यवस्थापनमा मास्टर्स डिग्री सक्दा मलाई लागेको थियो अब काम पाउन गाह्रो हुँदैन । तर जस्तो सोचे, त्यस्तो भएन । मास्टर्स सकिएपछि ५० ठाउँमा आवेदन दिएँ तर कहीँबाट पनि जबाफ आएन । जहाँबाट आयो त्यस संस्थाले गरेको व्यवहार अन्यायपूर्ण लाग्यो । गत वर्ष नाम चलेको क्यापिटलले विभिन्न पदका लागि आवेदन आह्वान गऱ्यो । मैले व्यवस्थापन ट्रेनी पदका लागि आवेदन दिएँ । केही समयपछि म लिखित परीक्षाका लागि छानिएँ र परीक्षा दिएँ अनि त्यसको केही सातामा पहिलो चरणको अन्तर्वार्ताका लागि मलाई बोलाइयो ।

स्वाभाविक हो तर मैले हरेक चरणमा उत्कृष्ट प्रदर्शन गर्दागर्दै पनि छनोट नहुनुले मेरो मनमा प्रश्न उब्जायो, कतै अपाङ्गता भएकै कारण मलाई छनोट नगरिएको त होइन ।

सम्बन्धित संस्थामा सम्पर्क गर्दा कहिले अन्तिम नतिजा सार्वजनिक नगरिएको त कहिले सम्बन्धित विभागमा म उपयुक्त नभएको जबाफ पाएँ ।मैले त्यस काममा फिट नहुनुको कारणबारे सोध्दा सञ्चार कौशल नभएको, राम्रोसँग बोल्न नसक्ने, लेख्न र हिँडडुल गर्न समेत गाह्रो हुने भएको बताएको थियो । एनएमबी क्यापिटलका प्रमुख कार्यकारी अधिकृतले अन्तिम चरणको अन्तर्वार्ता दिएका कसैको पनि मापदण्ड अनुरूप अङ्क नआएका कारण कोही पनि छनोट नभएको जानकारी दिएको दिनुभयो ।

हाम्रो समाजमा अपाङ्गता भएका व्यक्तिले के गर्न सक्छन ? चुपचाप घरमा बस्नु पर्छ भन्ने चलन छ । अपाङ्गता भएका व्यक्तिलाई हेर्ने दृष्टिकोण सकारात्मक छैन । मलाई अपाङ्गता के हो ? यो के कारणले हुन्छ ? अपाङ्गता अधिकार के के हुन् ? यस विषयमा केही जानकारी थिएन । मैले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका लागि जिल्ला च्याप्टर इलामले राष्ट्रिय अपाङ्ग महासङ्घको सहयोगमा काम गर्छ भन्ने कुरा थाहा पाएँ । लगत्तै जिल्ला च्याप्टरको सम्पर्कमा पुगेँ । विगत १० वर्ष देखि अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका लागि काम गरिरहेका लोकबहादुर सुनवार सरलाई भेटेँ । अपाङ्गताको आधारमा कुनै प्रकारको भेदभाव गर्न पाइँदैन साथै यस्तो विभेद हुनु भनेको मानव अधिकारको हनन मात्र नभई समाजमा अन्यायपूर्ण अवस्था विद्यमान रहनु पनि हो भन्ने कुरा जनाकारी दिनुभयो । घटनाक्रम सुनाएपछि अन्य ठाउँमा कामका लागि पहल गरीदिनुभयो । लोकबहादुर सुनवार सर र राष्ट्रिय अपाङ्ग महासङ्घको सहयोगले आज मैले बैंकमा काम गरिरहेको छु ।



## सिकाइ क्रियाकलाप

**अब सोचेर तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

१) तपाईंको विचारमा के अपाङ्गताको आधारमा गरिने विभेद अन्याय हो ? हो भने किन ?

२) तपाईंको विचारमा अनुजलाई किन काम गर्ने अवसर नदिइएको जस्तो लाग्छ ?

३) अनुजलाई न्याय दिलाउनलाई कसले सहयोग गरेको छ ?

**थाहा पाइराखौँ :**
सामाजिक न्याय प्रदान गर्न अवलम्बन गरिने उपायहरू
- पिछडिएका तथा अवसरबाट वञ्चित सिमान्तकृत वर्ग, क्षेत्र, समुदायको पहिचान,
- पिछडिएका वर्गको मूलप्रवाहीकरण तथा सशक्तीकरणका लागि सारवान् समानता सहितको व्यवहार,
- शाशकीय प्रणालीमा प्रतिनिधित्व बढाउन आरक्षण,
- ज्येष्ठ नागरिक, अशक्त : सामाजिक सुरक्षा, स्वास्थ्य सुविधा,
- पिछडिएको क्षेत्र, वर्ग, समुदाय लक्षित कार्यक्रम, सार्वजनिक सेवामा सरलीकरण, रोजगारी, शिक्षा तथा स्वास्थ्यमा पहुँच,
- गरिब किसान : सहुलियत दरमा मल बिउ, सहुलियत कृषि कर्जा, बजारको सहज पहुँच, अनुदान,
- मजदुर : उचित पारिश्रमिक, विमा, स्वास्थ्य सेवा,
- बालबालिका निःशुल्क शिक्षा र स्वास्थ्य,

**तलको कथा पढौँ र बुझौँ ।**

## सुमनको कथा


म त्यतिखेर २५ वर्षकी थिएँ । खानदानी घरको केटा माग्न आयो भनेर मेरा आमाबुबाले मेरो विवाह तयार गरिदिनुभयो । मैले पनि उसलाई नहेरेको होइन । एक अर्कोमा देख भेट भएको थियो । देख्दा राम्रै देखिन्थ्यो । बपढेलेखेका संम्पन्न परिवारको थियो । राम्रै होला भनी विवाह गर्न मैले पनि सहमति दिएकै हुँ । विवाह गरेको ३-४ महिनासम्म त हाम्रो जीवन राम्रैगरी बित्यो । त्यति बेलासम्म उसलाई उसको परिवारका सदस्यहरूले मसँग धेरै बस्न नै दिँदैनथे । मसँग खासै कुरा नै हुँदैनथ्यो ।

३ महिनाको अन्तितिर उसको मप्रति व्यवहार बदलिन थाल्यो । ऊ मेरो कोठामा आउने र मलाई गाली गर्ने, कुट्ने, पिट्ने गर्न थाल्यो । मैले मेरा गहनाहरू पनि हराएको थाहा पाएँ । मलाई उसले नै चोरेको हो कि जस्तो लाग्यो । डराई डराई सोधेँ तर उसले दोष लगाई भनेर बेस्कन गाली गर्‍यो, कुट्यो ।



घरका सदस्यले पनि मलाई नै धेरै थरिका कुरा सुनाए र गाली गरे । मलाई असह्य भयो । म आफ्नी आमाकहाँ गएँ । उसको म प्रतिको व्यवहारका बारेमा भनें । मेरो कुरा सुन्ने बित्तिकै मेरी आमा आत्तिनुभयो । उल्टो मलाई नै गाली गर्न थाल्नुभयो । पछि मलाई सम्झाउनुभयो र भन्नुभयो, "त्यसरी भन्न हुँदैन, तैँले आफैं आफ्नो लोग्नेलाई वशमा लिनु पर्दछ । तह लगाउनुपर्दछ । घर गरिखानुपर्दछ । अब तेरो विवाह भइसक्यो । अब तैँले आफ्नो घर नै गरेर खानुपर्दछ । घर छोडेर आइस् भने मलाई समाजले के भन्छ ? परिवारको इज्जत जान्छ ।" मैले आमाको कुरा बुझेँ ।

आमाबाट सहयोग पाउदिनँ भन्नेमा स्पष्ट भएँ । घर फर्केर गएँ । कुटपिट खाँदै ६ महिना बसे । त्यसपछि म गर्भवती भएँ । गर्भवती भएको बेलामा पनि धेरै पटक कुटाइ खाएँ । अब त अति नै भयो भनेर आफैँ बाहिर निस्केर एक्लै बस्ने धेरै पटक विचार गरेँ । तर बच्चाका कारणले सकिनँ । परिवारले अतिनै गर्न थाले । लोग्ने र सासुको कुटपिट गाली झनै बढ्यो । अन्त्यमा अति भएपछि म बच्चा लिएर घरबाट निस्केँ ।



एक दिन आफ्नो समुदायमा महिला अधिकारका क्षेत्रमा काम गरिरहेका शिक्षक, चन्द्र बुढाथोकी सरसँग भेट्ने मौका पाएँ । उहाँले हिंसा पीडित महिलाहरूका लागि काम गरिरहेको संस्था सामुदायिक विकास मञ्चमा गई सहयोग लिनू भन्नुभयो । सामुदायिक विकास मञ्चको सहयोगमा मैले कानुनी सहायता पाएँ र न्याय प्राप्त गर्न सहज भयो । अहिले म श्रीमान्कै घरमा बस्छु । म काम गर्छु । यही आट मैले पहिल्यै गरेको भए जति दुःख पाएँ त्यति पाउने थिइनँ होला जस्तो लाग्छ ।

**अब एक छिन सोचौँ र तलको प्रश्नको उत्तर लेखौँ ।**

१. तपाईंको विचारमा सुमनमाथि के कस्तो अन्याय भएको छ ?

२. कसको सहयोगमा सुमनले न्याय प्राप्त गरेको छ ?

## क्रियाकलाप

स्थानीय स्तरमा सामाजिक न्याय प्रवर्द्धनमा संलग्न व्यक्ति र संस्थाहरूको खोजी गरी सूची तयार पार्नुहोस् ।

## पढौँ र सोचौँ ।

बाँके जिल्ला, खजुरा गाउँपालिका– ५ मा जन्मेकी विनीता मण्डलको गाउँमै १५ वर्षको उमेरमा १८ वर्षीय किशनदेव मण्डलसँग सामाजिक परम्परा अनुसार बाबुआमाले विवाह गरिदिए । त्यसपछि उनको समय घर ायसी काममै  व्यतीत हुन थाल्यो । ४ जना छोरी, २ जना छोरा, श्रीमान, सासू, ससुरा सहित १० जना सदस्य छन् संयुक्त परिवारमा । परिवारको मुख्य पेसा कृषि थियो । उनले ६ सन्तानमध्ये जेठी छोरीलाई उचित रूपमा शिक्षा दिई विवाह गरिदिइन् । ३ छोरी र २ छोरा बोर्डिग स्कुलमा पढ्दै छन् ।

सानै उमेरमा विवाह भए पनि पछिल्लो समय आफैँले केही गर्ने मनसायले उनी सामाजिक क्षेत्रमा व्यस्त छिन् । आफ्नो समुदायको गलत मूल्यमान्यतालाई परिवर्तन गर्नुपर्छ भन्ने विचारका साथ उनी महिला समूहमा आबद्ध रहेर सामाजिक न्यायका लागि काम गरिरहेकी छिन् । सामाजिक क्षेत्रमा रहेर काम गर्न सुरुसुरुमा गाह्रो भए पनि बुझ्दै गएपछि परिवार र आफन्तले उनलाई सहयोग गर्न थाले । उनको समुदाय पहिले धेरै पछाडि परेको भए पनि अहिले परिवर्तनलाई स्वीकार गरेर अगाडि बढ्दै छ । उनी आफ्नो मधेसी समुदायका पुराना र नराम्रा रीतिरिवाज र मूल्यमान्यतालाई परिवर्तन गर्नुपर्छ भन्ने सोच राखेर नै सामाजिक न्यायका क्षेत्रमा काम गर्न अघिसरेकी हुन् । उनले महिला अधिकार र सामाजिक न्यायमा निम्ति धेरै मान्छेका गाली सहनु परेको थियो । महिला तथा बालबालिकाको समस्या पहिचान गरी उनीहरूको व्यक्तित्व उठाउन निरन्तर लागिरहेकी छिन् ।

**अब सोचेर तलको प्रश्नको उत्तरलेख्नुहोस् :**

विनीता सामाजिक न्यायका क्षेत्रमा काम गर्न किन अघिसरेकी हुन् ?

| |
|---|
| |

## क्रियाकलाप

स्थानीय स्तरमा सामाजिक न्याय प्रवर्द्धनका लागि व्यक्ति तथा संस्थाले गरेका कार्यको सूची तयार पार्नुहोस् ।

| |
|---|
| |

## आउनुहोस् तलको कथा पढौँ र बुझौँ ।

पुतलीसँगै पढ्ने एउटी साथी थिइन् । कक्षामा बस्ताबस्तै उनलाई छाउ भयो । छाउ भएको थाहा भएपछि उनी लाजले उठ्न सकिनन् । बेन्च भरि रगत लागेकाले सबैले थाहा पाइ हाले । त्यति बेला उनलाई सहानुभूति र सहयोगको खाँचो थियो तर उनलाई धेरैले छाउपडी, छाउपडी भनेर जिस्काए । घर फर्कंदा पनि बाटामा केटाहरूले जिस्काए । उनीहरू भन्थे, स्कुलमा छाउ भई । अब तँलाई पढ्न आउँदैन । स्कुल सरस्वतीको मन्दिर हो, त्यहाँ छाउ हुनुहुँदैन । मन्दिर जुठो हुन्छ । छाउ हुँदा किताब छोएकाले तँलाई अब देउता आउँछ ।

अरूको वचनले उनकी साथी यतिसम्म लज्जित भइन् कि लाजले उनी एक महिनासम्म स्कुल गइनन् । आफ्नो आँखा अगाडि छाउ भएको भन्दा दुःख पाएको देखेकाले पुतलीले कसै लाई पनि आफू छाउ भएको कुरा भनिनन् तर केही घटनाले उनलाई छाउ लुकाएर गल्ती गरेँ कि भन्ने बनाइराख्यो । एकदिन छाउ भएका बेला स्कुल जाँदै गर्दाको घटना सम्झिन्छिन् उनी । स्कुल जाँदै गर्दा एउटा ठुलो सर्प उनको अघिपछि लाएर गयो । त्यो सर्प आएको ठाँउमा नाग छ भन्थे । उनलाई कतै आफुले छाउ भएको कुरा लुकाउँदा नाग आएको हो कि भन्ने लाग्यो । तै पनि आँट गरेर छाउ लुकाइरहिन् ।

तर दुई वर्ष पछि उनी छाउ भएको कुरा सबैले थाहा पाए । उनी घरनजिकै कैलाश खोलाको पानी घट्टमा मकै पिन्न गएकी थिइन् । त्यहीँ छाउ भयो । उनको नजिकै बसेर मकै पिनिरहेकी दमिनी आमाले उनी छाउ भएको देखिन् । त्यसपछि त के चाहियो र, दमिनी आमा काम्दै उनलाई सराप्न थालिन्,"तँ छाउ भएकीले मलाई छोइस् । तँलाई अब बच्चा नपाउने बनाइ छाड्छु ।"

उनले त के भएको के भएको बुझ्नै सकिनन् । अरू भन्थे दमिनी आमालाई देउता चढेको रे । अरूले नै दमिनी आमालाई सम्झाए, किन रिसाउछ्यौ आमा ? उसले जानीजानी गरेकी होइन । गाली नगर, भइगो छाडिदे उ ।" उनलाई साह्रै नरमाइलो लाग्यो । घर गएपछि बुबालाई सुनाइन् । बुबाले उनलाई छाउगोठ पठाएनन् बरू उल्टै सम्झाए, यी सबै कुरा अन्धविश्वास हुन् हेर छोरी । महिनावारी हुँदा महिलामाथि हुने हिंसामध्ये छाउगोठ पनि एक हो र अन्याय हो । केही चिन्ता नमान । जे गर्नपर्ला म गरुँला । छाउगोठको पीडा नभोगेकी पुतली तब समस्यामा परिन् जब उनको बिहे भयो । साथीको लहलहैमा लागेर त्यही साल पुतलीले बिहे गरिन् । भागेको दुई महिनामा नै श्रीमान् काम गर्न भारत गए । जो भनेर आएको ऊ नै नभएपछि पक्षमा बोलिदिने पनि कोही भएनन् । सासुससूराले भनेको मानेर बस्नु नै जीवन भयो । सासुससूरा कट्टर थिए । श्रीमान् दुई वर्षसम्म नआउँदा पुतली छाउ हुँदा छाउगोठमा बस्न बाध्य भइन् । छाउ हुँदा दूध, दही खान दिएनन् । कहिलेकाहीँ त घर छोड्छु भनेर नसोचेको पनि होइन तर श्रीमान् आएपछि ठिक हुन्छ भनेर सहेरै बसिन् ।



त्यसैताका गाउँबाट छाउपडीप्रथालाई हटाउनुपर्छ भनेर गाऊँमा सेभ द चिल्ड्रेन, युनिसेफ, महिलातथा बालबालिका विभाग आदि सरकारी तथा गैह्रसरकारी कार्यालयहरूले अभियान थालेका थिए । छाउका बारेमा कक्षामा शिक्षक र स्वास्थ्यकर्मीहरूबाट स्वास्थ्य र छाउसम्बन्धी धेरै कुरासिकेकी छिमेकी दिदीले पुतलीको सासुससूरालाई छाउपडीप्रथा हटाउनुपर्छ । यी सबै कुराहरू अन्धविश्वास हुन् । छाउ भएका बेला सफा भएर घर मा बस्दा हुन्छ भन्ने कुरा बुझाइन् । त्यसपश्चात पुतली छाउ हुँदा सासुससूराले उनलाई घरमै बस्नदिन थाले । पुतलीको ससूरा पनि छाउपडी गोठ मुक्त अभियानमा लागे । सेभ द चिल्ड्रेन, महिला विकास, विभिन्न राजनीतिक पार्टीहरू र सङ्घसंस्थाहरूले छाउगोठ त्याग्नेलाई दोसल्ला ओढाएर पुरस्कृत गर्नेक्रममा पुतलीको परिवार पनि पुरस्कृत भयो ।

## अभ्यास

१. तपाईंको विचारमा छाउ हुँदा छाउगोठमा राख्नु अन्याय हो ?

२. छाउपडीप्रथालाई हटाउनुपर्छ भनेर गाउँमा कुन कुन संस्थाले अभियान सुरु गरेका थिए ?

## परियोजना कार्य

**तपाईंको समुदायमा सञ्चालित कुनै एक संस्थाको भ्रमण गरी उक्त संस्थाले सामाजिक न्याय प्रवर्द्धनमा के कसरी कार्य गरिरहेको छ, अवलोकन तथा खोजी गरेर प्रतिवेदन तयार पार्नुहोस् ।**

### यस पाठको सारांश

- समाजमा रहेको जातीय, लैङ्गिक, वर्गीय र शोषणको अन्त्य गरी मानव अधिकारको जगेर्ना गर्न सकिएमा सामाजिक न्याय प्रवर्द्धन हुनसक्छ ।
- सामाजिक न्याय प्रदान गर्न पिछडिएका तथा अवसरबाट वञ्चित सिमान्तकृत वर्ग, क्षेत्र, समुदायको पहिचान गर्न आवश्यक छ ।

## आफँलाई आफैं जाचौं ।

**तलका मध्ये ठिक उत्तर छनोट गरी (√) चिह्न लगाउनुहोस् ।**

१. सामाजिक न्याय प्रवर्द्धन गर्ने मुख्य उद्देश्य के हो ?
क) निश्चित समूहहरूलाई प्राथमिकता दिने
ख) असमानता बढाउने
ग) सबै व्यक्तिका लागि समान अवसर र अधिकार सुनिश्चित गर्ने
घ) व्यक्तिगत स्वतन्त्रता सीमित गर्ने

२. सामाजिक न्याय प्रवर्द्धन गर्नं किन महत्त्वपूर्ण छ ?
क) यथास्थिति कायम राख्न
ख) सीमान्तकृत वर्गको अधिकारको रक्षा गर्न
ग) आर्थिक वृद्धि प्रवर्द्धन गर्न
घ) विविधता कम गर्न

### शब्दार्थ

मस्तिष्क पक्षघात : मस्तिष्कको कुनै भाग नष्टगरिदिने वा मस्तिष्कको वृद्धिविकासमा रोकावट सिर्जना गर्ने रोग
पिछडिएका वा सिमान्तकृत : आर्थिक सामाजिक आदि स्तरमा पछिपरेको
छाउ : रजस्वलाको अवस्था, महिनावारी
छाउगोठ : महिनावारी भएका बेला बस्न भनेर बनाइएका गाईभैंसीको गोठ

## उत्तर कुञ्जिका

**पेज नम्बर २१, २३, २४, २५, २८, २९ र ३० का उत्तरहरू**

**अब सोचेर तलको प्रश्नहरूको उत्तरलेख्नुहोस् :**

**१) तपाईंको विचारमा के अपाङ्गताको आधारमा गरिने विभेद अन्याय हो ? हो भने किन ?**

अपाङ्गताका आधारमा गरिने विभेद अन्याय हो किन भने अपाङ्गताका आधारमा कुनै प्रकारको भेदभाव गर्न पाइँदैन साथै यस्तो विभेद हुनु भनेको मानव अधिकारको हनन मात्र नभई समाजमा अन्यायपूर्ण अवस्था विद्यमान् रहनु पनि हो ।

**२) तपाईंको विचारमा अनुजलाई किन काम गर्ने अवसर नदिएको जस्तो लाग्छ ?**

अपाङ्गता भएकै कारण अनुजको सञ्चार कौशल नभएको, राम्रोसँग बोल्न नसक्ने, लेख्न र हिँडडुल गर्न समेत गाह्रो हुने भएकाले काम गर्ने अवसर नदिएको जस्तो लाग्छ ।

**३) अनुजलाई न्याय दिलाउनलाई कसले सह्योग गरेको छ ?**

अनुजलाई न्याय दिलाउनलाई अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका लागि काम गरिरहेका लोकबहादुर सुनवार सर र राष्ट्रिय अपाङ्ग महासङ्घले सहयोग गरेको छ ।

**अब एक छिन सोचौँ र तलको प्रश्नको उत्तर लेखौँ ।**

**१. तपाईंको विचारमा सुमनमाथि के कस्तो अन्याय भएको छ ?**

सुमनको श्रीमानले सुमनलाई गाली गर्ने, कुट्ने पिट्ने, घरका सदस्यले पनि उसलाई धेरै थरिका कुरा सुनाउने र गाली गर्ने जस्तो अन्याय भएको छ ।

**२. कसको सहयोगमा सुमनले न्याय प्राप्त गरेको छ ?**

हिंसा पीडित महिलाहरूका लागि काम गरिरहेको संस्था सामुदायिक विकास मञ्चको सहयोगमा सुमनले न्याय प्राप्त गरेको छ ।

**अब सोचेर तलको प्रश्नको उत्तर लेख्नुहोस् :**

**१. विनीता सामाजिक न्यायका क्षेत्रमा काम गर्न किन अघि सरेकी हुन् ?**

आफ्नो मधेसी समुदायका पुराना र नराम्रा रीतिरिवाज र मूल्यमान्यतालाई परिवर्तन गर्नँपर्छ भन्ने सोच भएकोले विनीता सामाजिक न्यायका क्षेत्रमा काम गर्न अघि सरेकी हुन् ।

**अभ्यास**

**१. तपाईंको विचारमा छाउ हुँदा छाउगोठमा राख्नु अन्याय हो ?**

छाउ हुँदा छाउगोठमा राख्नु अन्याय हो किन भने यो अन्धविश्वास हो र महिनावारी हुँदा महिलामाथि हुने हिंसामध्ये छाउगोठ पनि एक हो ।

**२. छाउपडी प्रथालाई हटाउनुपर्छ भनेर गाउँमा कुन कुन संस्थाले अभियान सुरु गरेका थिए ?**

गाउँबाट छाउपडी प्रथालाई हटाउनुपर्छ भनेर गाउँमा सेभ द चिल्ड्रेन, युनिसेफ, महिला तथा बालबालिका विभाग आदि सरकारी तथा गैह्रसरकारी कार्यालयहरूले अभियान सुरु गरेका थिए ।

**आफूलाई आफैँ जाचौँ ।**

**तल दिइएका मध्ये उत्तम उत्तर छनोट गरी (√) चिह्न लगाउनुहोस् ।**

**१. सामाजिक न्याय प्रवर्द्धन गर्ने मुख्य उद्देश्य के हो ?**

(ग) सबै व्यक्तिका लागि समान अवसर र अधिकार सुनिश्चित गर्ने )

**२. सामाजिक न्याय प्रवर्द्धन गर्नं किन महत्त्वपूर्ण छ ?**

(ख) सीमान्तकृत वर्गको अधिकारको रक्षा गर्न ।

पाठ
३

# सामाजिक आन्दोलन

सामाजिक आन्दोलनको मुख्य उद्देश्य एक सामाजिक परिवर्तन सिर्जना गर्नँ, वा प्रतिरोध गर्नँ वा अघिल्लो लाई परिवर्तन गर्नँ हो । असमानता तथा अन्याय निर्मूल गर्ने उत्तम उपाय सबल आन्दोलन हो । उत्पीडनमा परे का जनताले निर्माण गर्ने यस्तो सामाजिक आन्दोलनका कारण शक्ति संरचनामा परिवर्तन आउँछ । सामाजिक आन्दोलनले जहिल्यै पनि शक्ति संरचनालाई चुनौती दिन्छ ।

यस पाठमा हामी सामाजिक आन्दोलनके हो ? सामाजिक आन्दोलन किन अनवश्यक छ ? प्रान्तीय तहमा भएका सामाजिक आन्दोलन र त्यसमा संलग्न व्यक्तिहरू यिनै विषयमाछलफल गर्नेछौँ ।

**यस पाठको अध्ययनपछि तपाईं निम्न कुरामा सक्षम हुनुहुनेछ :**
• सामाजिक आन्दोलनको अर्थ बताउन,
• प्रान्तीय तहमा सामाजिक आन्दोलनमा संलग्न व्यक्तिको सूची निर्माण गर्न,
• प्रान्तीय तहमा सामाजिक आन्दोलनका अभियन्ताले न्याय प्रवर्द्धनका लागि गरेका कार्यको सूची निर्माण गर्न,
• प्रान्तीय तहमा सामाजिक आन्दोलनका अभियन्ताले न्याय प्रवर्द्धनका लागि गरेका कार्यको समीक्षात्मक प्रस्तुति गर्न,




**१. माथिका चित्रमाहरूमा के के देख्नुभयो ? चित्रका बारेमा तल लेख्नुहोस् ।**

## पढौँ र बुझौँ :

सामुदायिक आबाज नेपाल व्यक्ति र संस्थाहरू एकजुट भएर आन्दोलन अघिबढाएको यो एक उदाहरण हो । नेपालमा एक दशक लामो जनयुद्ध चल्यो जो सन् २००६ मा समाप्त भयो । सशस्त्र द्वन्द्व शिखर मा पुगिरहेका बेला २००१ मा महिला र बालबालिका निकै नराम्रोसँग प्रभावित भइरहेका थिए, त्यसैबेला सरोकारवाला र महिला अधिकारवादीहरू केही गतिविधि अघिबढाउने प्रयोजनले एकजुट भए । उनीहरूले खोलेको संस्था थियो- सामुदायिक आबाज नेपाल । यस संस्थाले द्वन्द्व प्रभावित क्षेत्रमा रहेका नाजुक अवस्थाका व्यक्तिको शान्ति र सुरक्षाका लागि आन्दोलन चलायो । सामाजिक न्यायका क्षेत्रमा काम गर्ने धेरै संस्था यसमा आबद्ध भए । यसले विभिन्न क्षेत्रका समूह र राजनीतिक दलका व्यक्तिहरू बिच द्वन्द्वका असर न्यूनीकरण गर्ने र शान्ति निर्माणका लागि पहल गर्ने उद्देश्यले संवाद कार्यक्रम चलायो । संस्थाले खासगरी युवा महिला तथा पुरुषलाई मुलुकमा शान्ति र न्यायको संस्कृति विकास गर्नका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने रणनीति बनायो । यसले प्रतिबद्ध पात्रहरू बिच साझेदारी निर्माण गरी समान उद्देश्यका लागि कार्य गर्ने वातावरण तयार पार्न महत्त्वपूर्ण भूमिका खेल्यो । खासगरी यसले सशस्त्र द्वन्द्वका बेला र शान्ति सम्झौतापछि द्वन्द्वप्रभावित तथा सीमान्तकृत युवा र महिलालाई सुरक्षाको अनुभूति दिलाउन सघाउ पुऱ्यायो । सामुदायिक आबाजको यस उदाहरणले हामीलाई कसरी व्यक्ति र संस्थाहरू मिलेर समान उद्देश्य प्राप्तिका लागि आन्दोलन सिर्जना गर्न सकिन्छ भन्ने देखाउँछ ।

**छलफलका लागि प्रश्नहरू :**

**१. सामुदायिक आबाज संस्थाले के का लागि आन्दोलन चलायो ?**

**२. सामुदायिक आबाज नेपालले समान उद्देश्य प्राप्तिका लागि आन्दोलनमा के कस्ता क्रियाकलाप गरेको छ ?**

**थाहा पाइराखौं :**
आन्दोलन अन्यायविरुद्ध व्यक्तिहरूको संयुक्त अभियान हो जहाँ आन्दोलनकारीहरूले आफ्नो शक्ति र नेतृत्वलाई एकीकृत गर्दै परिवर्तनका लागि मुद्दाको छनोट गरी त्यसको प्राप्तिका लागि एक निश्चित समयावधिसम्म सामूहिक भूमिका निर्वाह गर्छन् ।

**आउनुहोस् अब कुरा गरौं प्रान्तीय तहमा सामाजिक आन्दोलनमा संलग्न व्यक्ति र सामाजिक न्याय सम्बन्धी उनीहरूले गरेका कार्य बारे । तलको कथा पढौं र बुझौं ।**

## बादी आन्दोलनको नेतृत्व गरेकी उमादेवी बादी

दलित भित्रको पनि दलितका रूपमा चिनिने बादी समुदायको घरमा जन्मिएकी र ४८ दिनसम्म चलेको बादी आन्दोलनको नेतृत्व गरेकी उमादेवी बादी सन २०१८ मा विश्वका एक सय प्रभावशाली महिलामध्ये दसौं स्थानमा परिन् । उनको जीवन सङ्घर्षले खारिएको छ । उनी बादी समुदायको हक अधिकारका लागि लड्दालड्दै यहाँसम्म पुगेकी हुन् । बादी समुदायका तर्फबाट सांसदसमेत रहेकी उमादेवीले बादी समुदायको मुक्ति, नागरिकता प्राप्ति र समाजको हेर्ने दृष्टिकोण बदल्नमा ठुलो सङ्घर्ष गर्नु भएको छ । उनले उठाएको सबैभन्दा ठुलो मुद्दा आमाको नाममा नागरिकता पाउनु हो । यति बेला यही मुद्दाले उनलाई संसारभर चिनाएको छ ।

उनले करिब दुई दशकअघि आमाको नाममा नागरिकता पाउनु पर्छ भनेर मुद्दा अघि सार्दा धेरैले हाँसो मा उडाएका थिए । उनको कुरालाई सबैले हाँसोमा उडाउनु स्वाभाविक पनि थियो । एकातिर पुरुषप्रधान समाज र अर्कातिर राज्यको ऐन कानुनले त्यो अधिकार दिएको थिएन । तैपनि उनले हिम्मत हारिनन् । उनले सबैभन्दा पहिले बादी समुदायलाई सम्झाइन् । समुदायमा बाउको पहिचान नहुँदा नागरिकता पाउन नसकेका थुप्रै थिए । उनीहरूलाई उमादेवीको कुरो उचित लाग्यो ।

उनले पहिलो चरणमा पश्चिम तराईका जिल्लामा रहेका बादी समुदायलाई एकत्रित गरिन् । यो खबर देशभर फैलियो । देशभरका बादी समुदाय उमादेवीको नेतृत्वमा सामेल भए । उनीहरूले वर्षौंदेखि राज्यले अवलम्बन गर्दै आएको ऐन कानून विरुद्ध बोल्न थाले । राज्यका निकायले सुनुवाई नै गरेन । उल्टै डरधम्कीको सामना गर्नुपर्‍यो ।

बादी महिलाहरू परपुरुषसँग यौन सम्पर्क राख्थे । यो उनीहरूको जीविकोपार्जनको माध्यम थियो । यही क्रममा ती महिलाहरूले सन्तान जन्माउथे । ती सन्तानको बाबुको पहिचान हुन सक्दैन थियो । बादी महिलालाई आफ्ना सन्तानको बाबुका बारेमा थाहा भए पनि भन्न सक्दैन थिए । समाजले उनीहरूको कुरो पत्याउदैन थियो । यसरी जन्मिएका बालबालिकाहरूले नागरिकता प्राप्त गर्न सक्दैन थिए । किनकि नागरिकता पाउन बाबुको पहिचान हुनु अनिवार्य थियो । बाबुको नाम नागरिकतामा नलेखेसम्म कोही पनि नागरिक हुनबाट बञ्चित र हनुपर्थ्यो । यो पीडा बादी समुदायका थुप्रैले भोगेका थिए । तर कसैले पनि बोल्न सकेका थिएनन् ।

उमादेवी त्यही बस्तीको एक हिस्सा थिइन् । उनी निसन्तान छन् । तरपनि उनले बादी महिला र उनीहरूबाट जन्मिएका बालबालिकाको पीडा महसुस गरिन् । उनले अनागरिक भएर बस्नुको पीडा विरुद्ध बोलिन् । उनको बोलीमा सबै बादी समुदायले साथ दियो । उनले अगुवाई गरिन् र सबैले साथ दिए । यो नै हकअधिकारका लागि गरेको सबैभन्दा ठुलो आन्दोलन थियो । उनले आमाका नाममा पनि नागरिकता पाउनुपर्छ भन्ने माग अघि सारेर पत्रकार सम्मेलन गरिन् । उनलाई पत्रकारहरूले हाँसोको पात्र बनाइदिए । उनलाई आमाका नाममा नागरिकता पाउने कुरा सम्भव छ भनेर कसैले भनेनन् । तरपनि उमादेवीले हिम्मत हारिनन् । उनको मनमा त्यो सम्भव छ भन्ने थियो र सम्भव गरेर छोडिन् ।

उनले आफ्ना समुदायका केही व्यक्तिहरूलाई साथमा लिएर अभियान थालिन् । उनको अभियानको नारा बादी समुदायले आमाको नाममा जन्मदर्ता र नागरिकता, स्थायी बसोबास, यौन पेसाको अन्त्य, निःशुल्क शिक्षा, एचआईभी/एड्स परीक्षण, छुवाछुतको अन्त्य लगायत थिए । उमादेवीले थालेको आन्दोलनले सफलता प्राप्त गर्‍यो । राज्यले आमाको नामबाट सन्तानले जन्मदर्ता र नागरिकता पाउने कुरा संवैधानिक ग्यारेन्टी गर्‍यो । उनले थालेको यो आन्दोलनले केवल बादी महिला मात्रै हैन यतिबेला सबै महिलाले अधिकार प्राप्त गरेका छन् ।

उनले बादी समुदायको अधिकार स्थापनाका लागि खेलेको भूमिका निकै चर्चायोग्य छ । उनी बादी समुदायले गाउँदेखि सिंहदरबारसम्म थालेको ४८ दिन लामो आन्दोलनकी कमाण्डर हुन् । उनकै नेतृत्वमा २०६४ सालमा २३ जिल्लाका करिब ५ सय बादी अगुवाले २६ बुँदे माग लिएर गाउँदेखि सिंहदरबारको यात्रा थालेका थिए । उनीहरूलाई तत्कालीन सरकारले सिंहदरबार प्रवेशमा रोक लगायो । उनीहरूले सिंहदरबार बाहिर धर्ना दिए । नारा जुलुस गरे । शान्तिपूर्ण विरोधका सबै उपाय अपनाए । तैपनि सरकारले सुनेन । जतिसुकै आन्दोलन गर्दा पनि सरकारले आफ्नो कुरा नसुनेपछि बादी अगुवाहरूले जबरजस्ती सिंहदरबार प्रवेश गर्ने योजना बनाए । सोही योजनामुताबिक २०६४ भदौ ५ गते छुट्टाछुट्टै र्‍यालीको आयोजना गरियो । माइती घरबाट सिंहदरबार जाने र्‍यालीको नेतृत्व तिनै उमादेवीले गरेकी थिइन् । उनका पछाडि करिब २०/२५ जना महिला मात्रै थिए । उनीहरू सोझै सिंहदरबारको गेटमा पुगे । सुरक्षाकर्मीले गेट बन्द गरिदिए । आक्रोशित उमादेवी अर्धनग्न अवस्थामै सिंहदरबारको गेटमा चढिन् । उनले सरकार विरुद्ध नाराबाजी गरिन् । धेरै बादी महिलाहरूले अर्धनग्न अवस्थामै सरकार विरुद्ध नाराबाजी गरेर उनलाई साथ दिए ।



यो दृश्यले सबैको ध्यान खिच्यो । सञ्चार माध्यम र मानव अधिकारकर्मीले बादी समुदायको आन्दोलनलाई साथ दिए । दिनानु दिन आन्दोलनमा ऐक्यबद्धता जनाउने सङ्घसंस्थाको सङ्ख्या बढ्दै गयो । त्यसअघि बादी समुदायको आन्दोलनलाई बाढीपीडितको आन्दोलन भनेर प्रचार गरिएको थियो । आन्दोलनले बिस्तारै गति लियो । सञ्चारमाध्यमले आन्दोलनका बारेमा लेख्न थाले । बल्ल मात्रै आन्दोलनका बारेमा सरकारले समेत चासो दियो । सरकारले बादी समुदायको समस्यालाई सम्बोधन गर्ने गरी कार्य अघि बढायो । त्यतिबेलादेखि आन्दोलन एउटा उचाइमा पुगेको छ । आन्दोलनपछि सरकारसँग सहमति पनि भयो । आमाका नामबाट सरकारले नागरिकता दिन तयार हुनु नै उनीहरूको पहिलो माग सम्बोधन भएको छ । बादी समुदायलाई पनि लक्षित गरेर सरकारले जनता आवास कार्यक्रम सुरु गरेको छ । यो उपलब्धिका पछाडि उनीहरूकै आन्दोलनको पनि हात छ ।

**अभ्यास**

**तलका प्रश्नको उत्तर दिनुहोस् :**

१. बादी आन्दोलनको नेतृत्व कसले गरेको थियो ?

२. उमादेवी बादीले कसका हकअधिकारका लागि लडेकी हुन् ?

३. उमादेवीको अभियानको नारा के के थिए ?

४. बादी समुदायका हकअधिकारका लागि आन्दोलनमा उमादेवीले के कस्ता कदमहरू चालेकी छन् ?

**आउनुहोस् अब कुरा गरौँ दलित मुक्ति आन्दोलनको ।**

नेपालमा जातपात र छुवाछुतको विगतको समीक्षा गर्दा, चर्चा गर्दा हामीले बिसे नगर्ची (गोरखा), भगत सर्वजीत विश्वकर्मा (बाग्लुङ्ग), काले दमाईं (इलाम), सहर्षनाथ कपाली (काठमाडौँ) लगायतका अग्रजहरूको भूमिकालाई भुल्न मिल्दैन ।

## तलको घटना अध्ययन गरौँ र छलफल गरौँ ।

## दलित मुक्ति आन्दोलनका अभियन्ता भगत सर्वजीत विश्वकर्माको कथा

जातीय भेदभाव र छुवाछुत अन्त्यका लागि नेपालमा पहिलो सङ्गठित प्रयास वि.सं. १९९७ सालमा बाग्लुङ जिल्लामा भएको थियो । दलित अगुवा भगत सर्वजीत विश्वकर्माले 'विश्व सर्वजन सङ्घ' नामक सङ्गठनको स्थापना गरेर दलित मुक्ति आन्दोलनमा पहिलो सङ्गठित अभ्यासको प्रारम्भ गरेका थिए ।

भगत सर्वजीत विश्वकर्माको जन्म हालको गण्डकी प्रदेश, बागलुङ जिल्लाको बागलुङ नगरपालिका वडा नम्बर ७(साबिकको मूलपानी गाविसको वडा नम्बर ७, गैरागाउँ) मा वि.सं १९५० साल चैत ११ गते भएको थियो । उनी सानैदेखि विद्रोही स्वाभावका थिए । उनलाई भगत सर्वजीतका अलावा रगरगे कामीको नामबाट पनि चिनिन्थ्यो । घरको गरिबीका कारण कामको खोजीमा उनी सानै उमेरमा भारतको बनारस पुगे । त्यहाँ उनलाई पढ्न मन लाग्यो र उनले भारतको बनारसबाट संस्कृतमा आचार्य गरे ।

अध्ययनकै क्रममा हिन्दू धर्मग्रन्थका वेद, उपनिषद्, पुराण, स्मृति लगायत ग्रन्थहरूको गहिरो अध्ययन गरेका थिए । अध्ययनले उनलाई यति खाऱ्यो कि धार्मिक ग्रन्थमा कतै पनि उचनिच, ठुलो सानो नभएको र दलित समुदायलाई जातीय भेदभाव र छुवाछुत गरेर अपमानित गर्न नमिल्ने भन्दै तार्किक बहसमा उत्रन थाले । नेपालको दलित आन्दोलनको इतिहासमा जातीय विभेद तथा छुवाछुतका विरुद्धमा (त्यो पनि तत्कालीन कठिन अवस्था र राणा शासनकालमा समाजमा रहेको थिचोमिचो, जात व्यवस्था र छुवाछुतजस्ता कुरीति विरुद्ध डटेर विरोध गर्नु सानो कुरा थिएन) बहसमा उत्रने सक्ने पहिलो निडर, तार्किक र बौद्धिक नेपाली दलित नेताका रूपमा उनी आफ्नो पहिचान बनाउन सफल भएका छन् ।

भारतबाट अध्ययन गरी फर्केपछि भगत सर्वजीत विश्वकर्माले समाजमा जागरण अभियान सञ्चालन गर्न थाले । भगत सर्वजीतले आफ्नो छोराको न्वारन वैदिक विधिअनुसार गरे । छोराको न्वारनको पण्डित आफैँ बने । आँगनमा जग्गिया बनाइयो । वैदिक न्वारन गरेर भगत सर्वजीतले पहिलोपटक शङ्ख फुके । त्यतिबेला दलितको घरमा शङ्खको धुन सुन्दा गैरदलितलाई सह्य भएन । उनीहरू उर्लिएर सर्वजीतको घर पुगे । दलित भएर शङ्ख बजाउने ? हाम्रो मानहानि गर्ने ? भन्दै छोराको न्वारन गर्न बनाइएका जग्गिया भत्काइयो र तोडफोड गरियो । उक्त घटनापश्चात् आन्दोलन अझ चर्कियो ।



आन्दोलनकै क्रममा भगत सर्वजीतले कामीहरूले आरनको टुँडो भाँच्ने, दमैहरूले कपडा सिलाउने कल बन्द गर्ने तथा सार्कीहरूको जुत्ता सिलाउने छालाको काम बन्द गर्ने जस्ता पेसा बहिष्कार र आम हड्ताल घोषणा गरेर समाजमा नयाँ जागरण सुरु गरेका थिए । 'हामीले गरेको कामले तिमीलाई सजिलो हुने, हामीलाई तिमीले पल्लो छेउ बार्ने ?' भन्दै आन्दोलनलाई अघि बढाइयो । 'कामीले कमाउँदै नकमाउने, दमैले सिउँदै नसिउने, सार्कीले जुत्ता लाउनै नदिने र गैह्रदलित समुदायलाई झुक्न बाध्य पार्ने गरेर समाजमा जागरण फैलाउनु आन्दोलनको मूल उद्देश्य थियो । आन्दोलनको प्रतिकारमा गैह्रदलित समुदाय पनि उत्रिरहे, प्रहरी प्रशासन पनि आन्दोलनलाई दमन गर्न लागिरह्यो तर आन्दोलन रोकिएन । आन्दोलनको बाछिटा छिमेकी जिल्लामा समेत पुग्यो ।



पर्वत, म्याग्दीका दलित समुदाय पनि जागरुक बने । बागलुङको भालुमारे भन्ने ठाउँमा रहेको एउटा ठुलो चौरमा बागलुङ, पर्वत र म्याग्दीका सचेत दलित समुदायका व्यक्तिहरू जम्मा भए । सचेत, शिक्षित र सङ्गठित शक्तिको माध्यमबाट मात्र दलित मुक्ति आन्दोलनलाई अगाडि बढाउन सकिन्छ भन्ने निष्कर्षमा रहेका उनले सोही भेलाबाट वि.सं १९९७ सालमा 'विश्व सर्वजन सङ्घ' नामक संस्थाको घोषणा गरे । जुन सङ्गठन नेपालको दलित मुक्ति आन्दोलनको इतिहासमा पहिलो दलित सङ्गठन र उनलाई नेपालको सङ्गठित दलित मुक्ति आन्दोलनको संस्थापक नेता मानिन्छ ।

त्यसबेला दलित समुदायले नयाँ कपडा लगाउन पाउने थिएनन् । कथित उपल्लो जातसँग छोइछिटो हालिन्थ्यो । बाटो हिँड्दा पनि कथित दलित समुदायका व्यक्ति ५ मिटर टाढैबाट हिँड्नुपर्थ्यो । धार्मिक क्रियाकलाप गर्न रोक थियो । कुनै धार्मिक अनुष्ठानमा कुनै मन्त्र वा ज्ञान सुन्न र प्रसाद खान दिइँदैनथ्यो । धार्मिक र सांस्कृतिक विभेद थियो । आर्थिक तथा शैक्षिक रूपमा उत्पीडित दलित समुदायमाथि दासता थोपरिएको थियो । त्यस्तो बेला उनले आँटका साथ जागरण अभियान चलाए ।

विश्वकर्माले दलित समुदायमाथिको चरम आर्थिक श्रम शोषणका विरुद्धमा आन्दोलनको सञ्चालन गरे ।

त्यतिबेला समाजमा बालीघरे प्रथा व्यापक थियो, जसकारण दलितहरू श्रम शोषणमा पर्थे । दलित समुदायका मान्छेले श्रमको नगद मूल्य पाउँदैनथे । दलितले आफ्नो श्रमको मूल्य बालीको सट्टा नगदमा पाउनुपर्छ भन्ने माग राखेर भगत सर्वजीतले आन्दोलनको सुरुवात गरे । त्यतिबेला गाउँको धुवाँखोला पोखरीमा जनै मन्त्रने गरिन्थ्यो । भगत सर्वजीतले आफूलाई पनि जनै मन्त्रन दिनुपर्छ भने । उनलाई मन्त्र पनि आउँथ्यो । स्थानीय पण्डितले उनको कुरा मानेनन् । पण्डितले नमानेपछि सर्वजीतले अहिले विश्वकर्मा माध्यमिक विद्यालय भएको ठाउँभन्दा तलतिर खेतमा पोखरी बनाएर त्यहीँ जनै मन्त्रेका थिए । उनले तत्कालीन श्री ३ सरकारसँग आफूहरूले तीनसुते जनै लगाउन पाउनुपर्छ भनेर माग राखे ।

आखिरमा सरकारले लालमोहर लगाएर माग पूरा गर्न बाध्य भएको थियो । यसरी बागलुङका दलित व्यक्तिले जनै लगाउन सुरु गरे, जुन अहिले पनि जारी छ । तत्कालीन समयमा दलित समुदायका बेहुला-बेहुली डोली चढ्न पाउँदैनथे। सोली बोक्न पाउँदैनथे। भगत सर्वजीतले सञ्चालन गरेको आन्दोलको कारण सबै सराबरी भन्दै पानीको छोइछिटो हाल्न नपाउने व्यवस्था गरेको थियो भने सोली बोक्न नपाउने र डोली चढ्न नपाउने व्यवस्था खारेज गरेको थियो ।

त्यतिबेला बागलुङका दलित समुदायले राणा शासकको उर्दी अनुसार निःशुल्क रूपमा जङ्गलमा कोइला बनाउनुपर्ने र उक्त कोइला बोकेर गुल्मीको टक्सार पुऱ्याउनुपर्ने थियो । ती कोइला गुल्मीको टक्सारमा भाँडा बनाउन प्रयोग हुन्थ्यो । भगत सर्वजीतले निःशुल्क कोइला बनाउन र बोक्न बन्द गरिदिएका थिए । जेल बस्दा बडाहाकिमले भगत सर्वजीतसँग नामुद पण्डितहरू भिडाउँथे । उनीसँग वैदिक बहसमा नामुद पण्डित पनि टिक्दैनथे । दलित समुदायको मुक्ति र मर्यादासहित आत्मसम्मान हुनुपर्ने, सौली डोली, भातभान्सा सबै सरोबरी हुनुपर्ने, दलित समुदायले पनि जनै धारण गर्न पाउनुपर्ने र शिक्षा पाउनुपर्ने विषयमा उनले धर्ममा भएका सबै व्यवस्थाका फेहरिस्त बताउँदा पण्डितहरू चुप रहन बाध्य हुन्थे ।

बागलुङको ओमप्रसादको चौतारीमा विभिन्न श्लोकसहित पर्चा छापेर बाँड्दै आन्दोलनको सुरुवात गरेका थिए । 'बटौलीको बजारमा लाह छ कि छैन, दहीको ठेकी सरोबरी थाहा छ कि छैन' जस्ता पद्यात्मक गीत लेखेर सबै मान्छे एकै हो भन्ने सन्देशसमेत जोडदार रूपमा उठाएका थिए । नेपालको दलित मुक्ति आन्दोलनले आज जुन खालका संवैधानिक र कानुनी उपलब्धि हाँसिल गरेको छ, भगत सर्वजीत विश्वकर्माले बीजारोपण गरेको आन्दोलन, जागरण र उनले देखेको सपनाको ऐतिहासिक विरासतको जगमा मात्र सम्भव भएको हो ।

**छलफलका लागि प्रश्नहरू :**

**१. भगत सर्वजीत विश्वकर्माको आन्दोलन के का लागि थियो ?**

**२. भगत सर्वजीत विश्वकर्माले दलित मुक्ति आन्दोलन सफल पार्न के के गरेको छ ?**

## क्रियाकलाप :

**१. प्रान्तीय तहमा सामाजिक आन्दोलनमा संलग्न व्यक्तिहरूको सूची तयार पार्नुहोस् ।**

**तलको घटना अध्ययन गरौँ र छलफल गरौँ ।**

## मुक्त कमलरी विरुद्ध आन्दोलनको अभियन्ताको कथा

जमिनदारको घरमा उनी दास सरह भएर बसिन् । उनको बाल्यकालका सुन्दर दिन दासताको अन्धकारमुनि रुमलिए । कालान्तरमा उनले त्यही दासता विरुद्धको लडाइँ लडिन् । सिङ्गो मुक्त कमलरी विरुद्धको आन्दोलनको नेतृत्वपङ्क्तिमा रहिन् । आफूसँगै हजारौँको अगुवाइ गरिन् र मुक्तिपश्चात् सफलताको उडान भरिन् ।

दाङको गढवा-५ की मञ्जिता कमलरी बस्दाका दिन सम्झँदा आफ्नै जीवनमा यति ठुलो परिवर्तन आउला भन्ने सोचेकीसम्म थिइनन् उनले । ८-९ वर्षको कलिलो उमेर मा स्कुल जाने रहर गर्थिन् मञ्जिता । 'अरू जस्तै म पनि स्कुल जान पाए' उनका मनमा यस्ता रहर नबुनिएका होइनन् । बाल्यकालको सुन्दर भविष्यको सपना देख्दै थिइन् । एकदिन बुवाले सम्झाए, 'छोरी तँलाई साहुका घरमा पठाउँदैछौँ । पढ्ने, लेख्ने र स्कुल जाने सपना नदेख्नू । साहुले भनेको मान्नू, मुख नलाग्नू, पिटे सहनू । बरु मालिकको सेवा गर्नू, काम गरेर खुसी बनाउनू ।' बुवाले के भन्न खोजेका हुन् उनको कलिलो बाल मस्तिष्कले ठम्याउन त सकेन तर त्यसपछि उनले जे भोगिन् त्यो एउटा नारकीय जीवनभन्दा कम थिएन । जसलाई कमलरी प्रथा भनिन्थ्यो । जहाँ थारू समुदायका थुप्रै बालिका र किशोरी परिवारको ऋण तिर्न साहु र जमिनदारका घरमा कमैया बस्न पुग्थे ।

पहिलो पटक उनी कमलरी बस्दा ९ वर्षकी थिइन् । बुबाले ल्याएको ऋण तिर्न उनी कमलरी बस्न गइन् । कमलरी शब्दको परिभाषा बुझ्न नपाउँदै उनी बुबासँग भैरहवा पुगिन् । एक जनाको घरमा लगेर छोडिदिए । त्यस दिन अञ्जान घरमा बाबुले एक्लै छाडेर हिँड्न लाग्दा उनी खुब रोइन् । आफूसँगै घर लैजान भनेर रोइकराइ गरिन् । छोरीको अवस्था देखेर मञ्जिताका बुबा पनि रोए तर आफूसँग घर लैजान सकेनन् । बुबाले मञ्जितालाई दुई हजारमा वर्षभरि काम गर्नेगरी मालिकसँग पैसा लिइसकेका रहेछन्, कसैगरी पनि उनले मञ्जितालाई घर लैजान सकेनन् ।

त्यसपछि मञ्जिताका कमलरीका दिन सुरु भए । घरको सबै काम उनले गर्नपर्थ्यो । ९ वर्षको कलिलो उमेरमा राम्रोसँग काम गर्न नआउने । त्यसमाथि मालिक्नी रुखो स्वभावकी । 'सानो काम बिग्रँदा पनि धेरै गाली खानुपर्थ्यो, कहिले कुट्थिन् पनि । जब-जब कुनै काम बिग्रन्थ्यो, मालिक्नीले भाँडाले टाउँकामा हिर्काउँथिन् । मालिक्नी सुत्केरी हुँदा उनका बच्चाको दिसा-पिसाब समेत उनले पुछिदिनुपर्थ्यो । यति काम गर्दा पनि पेटभरि खान नपाउने । कैयौँ रात खाना नपाएर भोकै पनि सुतिन् ।



घरमा उनकै उमेरका मालिकका छोराछोरी स्कुल पढ्न जान्थे । उनलाई पनि रहर लाग्थ्यो । एक दिन स्कुल जाने रहर सुनाइन् । मालिक्नीले उल्टै हप्काउँदै भनिन्, 'तँलाई हामीले पैसाले किनेर काम गर्न ल्याएको हो, पढाउन होइन । नोकरनीले घरको काम गर्ने हो ।' त्यसपछि उनले पढ्ने इच्छालाई मनभित्र दबाएर राखिन् । त्यहाँ उनी एक वर्ष कमलरी बसेर माघीमा घर फर्किन् । घर आउन नपाउँदै बुबाले उनलाई फेरि तुलसीपुर पठाउने कुरा छिनिसकेका रहेछन् । मञ्जिताको बुबाले पैसासमेत लिइसकेका रहेछन् । जान्न भनेर रोइकराइ गरिन् तर उनका बुबाले मानेनन् ।

उनी दोस्रो पटक कमलरी बन्न तुलसीपुर पुगिन् । त्यहाँ पनि उनको दुःख सकिएन । झन थपियो । सुखी मनले खान नपाउने । त्यसमाथि गालीगलौज र यातना भोग्नुपर्ने । तेस्रो पटक पनि बुबाले अन्तै कुरा छिनिसकेका रहेछन । तर उनले मानिनन् । त्यही बेला गाउँमा  कमलरी प्रथा विरुद्ध अभियान चलिरहेको थियो । उनी त्यसको सम्पर्कमा पुगिन् र गाउँकै चार कक्षामा भर्ना भइन् । मञ्जिताको पढ्ने इच्छा त्यही बेला मात्र पूरा भयो । पहिलो पटक साहुका जुठाभाँडा छाडेर उनी किताब र कापी समाउन पुगिन् । पहिलो पटक कक्षा कोठा, डेस्क बेन्च देख्दा मन नै भरिएर आयो र पढ्ने दिन सुरु भयो भनेर मिहिनेत गरी पढ्न थालिन् ।

एकातिर पढाइ अगाडि बढाउँदै लगिन्, अर्कातर मुक्त कमैया अभियानमा पनि सक्रिय हुँदै गइन् । नायफ लगायत गैह्रसरकारी संस्थाले चलाएको अभियानमा सँगसँगै हिँड्न थालिन् । कमलरी बसेका दिदीबहिनीलाई सङ्गठित गर्दै गइन् । कमलरी राखेका घर-घरमा पुगेर उद्धारमा सक्रिय भइन् । कमलरी प्रथा विरुद्ध सशक्त भएर उभिइन् । त्यसमा नेपाल युथ फाउण्डेसन र सहायक नानीहरूको साथी नामक गैरसरकारी संस्थाले अभियानलाई अघि बढाए । क्रमशः कमलरी बसेकाहरूको उद्धार हुन थाल्यो ।




कमलरी बस्नबाट मुक्त गर्नसँगै अर्को चुनौती परिवारबाट कमलरी बस्ने छोरीहरूलाई पठाउनबाट रोक्नुथियो । 'कमलरी पठाउनुको मुख्य कारण आर्थिक थियो । आर्थिक स्थिति बलियो नहुँदा थारूका छोरीचेलीहरूलाई कमलरी जानु परिरहेको थियो । आर्थिक रूपमा बलियो नभएसम्म जीवनस्तर बदलिँदैन र कमलरी प्रथा रोकिँदैन भन्ने उनलाई लाग्यो । त्यसपछि उनले आफ्नो नेतृत्वमा लवाजुनी सहकारी खोलेर त्यसको अध्यक्ष भइन् । कमलरीहरूलाई सङ्गठित गर्दै लगिन् ।

मञ्जिताले सानै उमेरमा ठुलो जिम्मेबारी सम्हाल्दै गइन् । ९ कक्षामा पढ्दा पढ्दै सहकारी हाँक्न थालिन् र ११ कक्षामा पढ्दापढ्दै मुक्त कमलरीहरूको संस्था मुक्त कमलरी विकास मञ्चको संस्थापक अध्यक्ष भइन् । त्यही संस्थाको नेतृत्व गर्दै उनले कमलरी मुक्तिको आन्दोलनलाई थप सशक्त बनाइन् । कमलरीबाट मुक्तिपश्चात् उनीहरूको ठुलो चुनौती पुनस्स्थापनाको थियो। २०६५ सालमा मञ्जिताले संस्थाकै नेतृत्व गर्दै ६०० बढी कमलरीहरूलाई काठमाडौँ उतारिन् । आन्दोलनपछि मात्र सरकारलाई दबाब पुग्यो, त्यसपछि पनि विभिन्न माग राखेर आन्दोलन गरिरहे । तब मात्र केही उपलब्धि हासिल भयो, कमलरीहरूले छात्रवृत्ति पाउन थाले ।



आन्दोलन यतिमै सकिएको थिएन । सबैभन्दा समस्या मुक्त भएका कमलरीहरूलाई आर्थिक रूपमा सशक्तीकरण गर्नुथियो। सहकारी त्यसको गतिलो विकल्प थियो। सहकारीलाई उनले बलियो रूपमा अगाडि बढाइन्। सहकारीमा पूँजी बढाउँदै मुक्त कमैयाहरूलाई ऋण र सीप समेत दिन थालियो । गैह्रसरकारी संस्थाले पनि त्यसमा हातेमालो गरे । हातमा सीप र मुक्त कमैयाहरू सहकारीबाट ऋण लिएर आर्थिक आयआर्जनको बाटोमा लागे । सीप र कर्जा दिन थालेपछि कमलरीको आर्थिक अवस्था उठ्दै गयो, उनी भन्छिन् 'कमलरी बसेका दिदीबहिनीको दिन फेरिँदै गयो ।'

त्यही सहकारी अहिले दाङबाट विस्तार भएर बाँके, बर्दिया, कैलाली, कञ्चनपुर गरी पाँच जिल्लामा विस्तार भएको छ । उनी अहिले त्यही ४२ बढी सहकारीको समग्र व्यवस्थापन हेर्छिन् । सहकारीको कार्ययोजना बनाउँछिन् र हरेक गतिविधि सञ्चालन गर्छिन् । त्यससँगै पश्चिम तराईका पाँच जिल्लामा कमलरीका विषयमा नीतिनिर्माण गर्ने, कार्यक्रम बनाउने, बजेट विनियोजन गर्ने र कार्यान्वयनका लागि अगुवाइ गर्ने जिम्मेबारी उनले लिएकी छन् । मञ्जिताले सहकारी खोलेर सुरुमा कमलरीलाई आत्मनिर्भर बनाउने अभियान थालेकी थिइन् । त्यतिबेला उनको उमेर धेरै थिएन । धेरैले मञ्जितालाई केटाकेटी ठान्थे, तर उनले आँट गरिन् । दिदीबहिनीहरूको अगुवाइ गर्दै काँचो उमेरमा आफूलाई परिपक्व बनाउँदै लगिन् । मञ्जिता आज तिनै दिदीबहिनीका अघि नेतृका रूपमा चिनिन्छिन् ।

**छलफलका लागि प्रश्नहरू :**

१. मञ्जिताले के को विरुद्धको लडाइँ लडेकी हुन् ?

२.तपाईंका विचारमा कमलरी प्रथा भनेको के रहेछ ?

३. मञ्जिताले कमलरी बस्दा के कस्तो यातना भोग्नुपरेको थियो ?

४. मञ्जिताले कमलरी मुक्तिको आन्दोलनलाई कसरी सशक्त बनाइन् ?

## क्रियाकलाप :

१. प्रान्तीय तहमा सामाजिक आन्दोलनका अभियन्ताले सामाजिक न्यायका लागि गरेका कार्यको सूची तयार पार्नुहोस् ।

## परियोजना कार्य

तपाईंले देख्नु वा सुन्नुभएको प्रान्तीय तहमा भएको सामाजिक आन्दोलनको कुनै एउटा प्रयास सोधखोज गरी प्रतिवेदन तयार पार्नुहोस् ।

**यस पाठको सारांश**

ङ्ग अन्यायमा परेका व्यक्तिहरूले आफै सङ्गठित भई संयुक्त रूपमा सामूहिक शक्ति र नेतृत्वका साथ चलाएका गतिविधि जसमा परिवर्तनको समान लक्ष्यका लागि साथ-साथ मिलेर अघिबढ्ने र लक्ष्य प्राप्त नभएसम्म निश्चित समय सहकार्य गर्ने काम हुन्छ, यस्तो प्रक्रिया नै सामाजिक आन्दोलन हो ।

**ल अब आफूलाई आफैँले जाचौँ ।**

**ठिक भएमा (√) र बेठिक भए (X) चिह्न लगाउनुहोस् ।**

१. सामाजिक आन्दोलनहरू सामाजिक परिवर्तन ल्याउन सङ्गठित प्रयासहरू हुन् । ( )

२. सामाजिक आन्दोलनहरू सधैँ एक व्यक्ति वा सङ्गठनद्वारा नेतृत्व गरिन्छ । ( )

३. सामाजिक आन्दोलनहरू राजनीतिक मुद्दाहरूसँग मात्र सम्बन्धित हुन्छन् । ( )

४. हिंसात्मक रणनीति अपनाएमा मात्र सामाजिक आन्दोलन सफल हुन सक्छ । ( )

५. जातीय भेदभाव र छुवाछुत अन्त्यका लागि नेपालमा पहिलो सङ्गठित प्रयास वि.सं. १९९७ सालमा बाग्लुङ जिल्लामा भएको थियो । ( )

६. बादी आन्दोलनको नेतृत्व अस्मिता देवी बादीले गरेकी थिइन् । ( )

**शब्दार्थ**

प्रान्तीय : प्रदेश
अधिकारवादी : हक अधिकारको क्षेत्रमा काम गर्दै आएका
अभियान : कुनै विशिष्ट कार्य, निश्चित उद्देश्य वा लक्ष्य प्राप्त गर्न प्रायः सामूहिक रूपमा गरिने प्रयास ।
उत्पीडन : पीडा, कष्ट
रणनीति : पछिसम्मको योजना वा नीति, तरिका
बादी समुदाय : बादी समुदाय दलित जातिभित्रको सीमान्तकृत समुदाय
गद्यात्मक : गद्यका रूपमा लेखिएको
कमलरी : हुनेखानेकहाँ काम गर्न राखिएका थारू समुदायका किशोरीहरू
पुँजी : बचत, धन
आत्मनिर्भर : बाँच्नका लागि अरूको भर पर्नँनपर्ने, स्वावलम्बी

# उत्तर कुञ्जिका

**पेज नम्बर ३५, ३६, ३९, ४३, ४८, ५० र ५१ का उत्तरहरू**

**छलफलका लागि प्रश्नहरू :**

**१. सामुदायिक आबाज संस्थाले के का लागि आन्दोलन चलायो ?**

सामुदायिक आबाज संस्थाले द्वन्द्वप्रभावित क्षेत्रमा रहेका नाजुक अवस्थाका व्यक्तिको शान्ति र सुरक्षाका लागि आन्दोलन चलायो ।

**२. सामुदायिक आबाज नेपालले समान उद्देश्य प्राप्तिका लागि आन्दोलनमा के कस्ता क्रियाकलाप गरेको छ ?**

सामुदायिक आबाज नेपालले समान उद्देश्य प्राप्तिका लागि आन्दोलनमा निम्नलिखित क्रियाकलाप गरेको छ ।

- विभिन्न क्षेत्रका समूह र राजनीतिक दलका व्यक्तिहरू बिच द्वन्द्वका असर न्यूनीकरण गर्ने र शान्ति निर्माणका लागि पहल गर्ने उद्देश्यले संवाद कार्यक्रम सञ्चालन ।
- युवा महिला तथा पुरुषलाई मुलुकमा शान्ति र न्यायको संस्कृति विकास गर्नका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने रणनीति बनायो ।
- प्रतिबद्ध पात्रहरू बिच साझेदारी निर्माण गरी समान उद्देश्यका लागि कार्य गर्ने वातावरण तयार पार्न महत्वपूर्ण भूमिका खेल्यो ।

**अभ्यास**

**तलका प्रश्नको उत्तर दिनुहोस् :**

**१. बादी आन्दोलनको नेतृत्व कसले गरेको थियो ?**

बादी आन्दोलनको नेतृत्व उमादेवी बादीले गरेकी थिइन् ।

**२. उमादेवी बादीले कसका हकअधिकारका लागि लडेकी हुन् ?**

उमादेवी बादीले बादी समुदायको हक अधिकारका लागि लडेकी हुन् ।

**३. उमादेवीको अभियानको नारा के के थिए ?**

उमादेवीको अभियानका नारा बादी समुदायले आमाको नाममा जन्मदर्ता र नागरिकता, स्थायी बसोबास, यौन पेसाको अन्त्य, निःशुल्क शिक्षा, एचआइभी/एड्स परीक्षण, छुवाछुतको अन्त्य लगायत थिए ।

**४. बादी समुदायका हकअधिकारका लागि आन्दोलनमा उमादेवीले के कस्ता कदमहरू चालेकी थिइन्  ?**

बादी समुदायका हकअधिकारका लागि आन्दोलनमा उमादेवीले निम्न कदमहरू चालेकी थिइन् :

- २३ जिल्लाका करिब ५ सय बादी अगुवाले २६ बुँदे माग लिएर गाउँदेखि सिंहदरबारको यात्रा थाले ।
- उनीहरूले सिंहदरबार बाहिर धर्ना दिए ।
- नारा जुलुस गरे ।
- शान्तिपूर्ण विरोधका सबै उपाय अपनाए ।
- जतिसुकै आन्दोलन गर्दा पनि सरकारले आफ्नो कुरा नसुनेपछि बादी अगुवाहरूले जबरजस्ती सिंहदरबार प्रवेश गर्ने योजना बनाए ।
- छुट्टाछुट्टै र्‍यालीको आयोजना गरियो ।
- उनीहरू सोझै सिंहदरबारको गेटमा पुगे ।
- आक्रोशित उमादेवी अर्धनग्न अवस्थामै सिंहदरबारको गेटमा चढिन् ।
- सरकार विरुद्ध नाराबाजी गरिन् ।
- धेरै बादी महिलाहरूले अर्धनग्न अवस्थामै सरकार विरुद्ध नाराबाजी गरेर उमादेवीलाई साथ दिए ।

**छलफलका लागि प्रश्नहरू :**

**१. भगत सर्वजीत विश्वकर्माको आन्दोलन के का लागि थियो ?**

भगत सर्वजीत विश्वकर्माको आन्दोलन जातीय भेदभाव र छुवाछुत अन्त्यका लागि थियो ।

**२. भगत सर्वजीत विश्वकर्माले दलित मुक्ति आन्दोलन सफल पार्न के के गरेका छन् ?**

भगत सर्वजीत विश्वकर्माले दलित मुक्ति आन्दोलन सफल पार्न निम्न कुराहरू गरेका छन् :

- 'विश्व सर्वजन सङ्घ' नामक संस्थाको घोषणा गरे,
- जागरण अभियान चलाए,
- विश्वकर्माले दलित समुदायमाथिको चरम आर्थिक श्रम शोषणका विरुद्धमा आन्दोलनको सञ्चालन गरे,
- दलितले आफ्नो श्रमको मूल्य बालीको सट्टा नगदमा पाउनुपर्छ भन्ने माग राखे,
- बागलुङको ओमप्रसादको चौतारीमा विभिन्न श्लोकसहित पर्चा छापेर बाँडे,
- 'बटौलीको बजारमा लाह छ कि छैन, दहीको ठेकी सरोबरी थाहा छ कि छैन' जस्ता गीत लेखेर सबै मान्छे एकै हो भन्ने सन्देश समेत जोडदार रूपमा उठाए ।

**छलफलका लागि प्रश्नहरू :**

**१. मञ्जिताले के को विरुद्धको लडाइँ लडेकी हुन् ?**

मञ्जिताले दासता विरुद्धको लडाइँ लडेकी हुन् ।

**२. तपाईंको विचारमा कमलरी प्रथा भनेको के रहेछ ?**

थारू समुदायका बालिका र किशोरी परिवारको ऋण तिर्न साहु र जमिनदारका घरमा कमैया बस्ने ।

**३. मञ्जिताले कमलरी बस्दा के कस्तो यातना भोग्नुपरेको थियो ?**

मञ्जिताले मालिक्नीको घरको सबै काम उनले गर्नपर्थ्यो । सानो काम बिग्रँदा पनि धेरै गाली खानुपर्थ्यो, कहिले कुट्थिन् पनि । जब-जब कुनै काम बिग्रन्थ्यो, मालिक्नीले भाँडाले टाउँकामा हिर्काउँथिन् । मालिक्नी सुत्केरी हुँदा उनका बच्चाको दिसा-पिसाब समेत उनले पुछिदिनुपर्थ्यो । यति काम गर्दा पनि पेटभरि खान नपाउने । कैयौं रात खाना नपाएर भोकै पनि सुत्नु परेको थियो । सुखी मनले खान पाउने अवस्था थिएन ।

**४. मञ्जिताले कमलरी मुक्तिको आन्दोलनलाई सशक्त बनाउन के के गरिन् ?**

मञ्जिताले सानै उमेरमा ठुलो जिम्मेबारी सम्हाल्दै गइन् । ९ कक्षामा पढ्दा पढ्दै सहकारी हाँक्न थालिन् र ११ कक्षामा पढ्दापढ्दै मुक्त कमलरीहरूको संस्था मुक्त कमलरी विकास मञ्चको संस्थापक अध्यक्ष भइन् र त्यहीँ संस्थाको नेतृत्व गर्दै उनले कमलरी मुक्तिको आन्दोलनलाई थप सशक्त बनाइन् । २०६५ सालमा मञ्जिताले संस्थाकै नेतृत्व गर्दै ६०० बढी कमलरीहरूलाई काठमाडौँ उतारिन् । आन्दोलनपछि मात्र सरकारलाई दबाब पुग्यो, त्यसपछि पनि विभिन्न माग राखेर आन्दोलनको नेतृत्व गरिरहिन् ।

## ल अब आफूलाई आफैँले जाचौँ ।

## ठिक भएमा (√) र बेठिक भए (×) चिह्न लगाउनुहोस् ।

१ (√)

२ (×)

३ (×)

४ (×)

५ (√)

६ (×)

## पूर्व परीक्षाको उत्तर कुञ्जिका

**तपाईंको उत्तर जाँच्नुहोस् :**

१) बेठिक
२) ठिक
३) बेठिक
४) बेठिक
५) बेठिक
६) ठिक
७) बेठिक
८) ठिक
९) ठिक
१०) बेठिक

तह

२

भाषा र सञ्चार

व्यावहारिक समस्या र समाधान

सामाजिक व्यवहार र मूल्यमान्यता

जीवन, जगत र प्रविधि

स्वस्थ जीवनशैली र सिर्जनशीलता

## जीवन शिक्षा : शिक्षाको वैकल्पिक बाटो

अनौपचारिक तथा वैकल्पिक शिक्षा समकक्षताको लागि
तयार गरिएको नमुना सिकाई सामग्री